# वार्षिक प्रगति प्रतिवेदन

# २०७९।८०




## महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं ।

# प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू

उप-महालेखापरीक्षक श्री विन्दु बिष्ट

नायब महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी

नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले

निर्देशक श्री राजेन्द्रराज ओझा

निर्देशक श्री टीकानाथ अर्याल

निर्देशक श्री रमेश सुवेदी

निर्देशक श्री रचना प्रधान

लेखापरीक्षण अधिकारी श्री राजिव बस्नेत

लेखापरीक्षण अधिकारी श्री सुभाष भट्ट

कम्प्युटर अपरेटर श्री अनिल कुमार दहित

# प्राक्कथन

सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष २०७९।८० मा महालेखापरीक्षकको कार्यालयबाट सम्पादन भएका व्यवस्थापकीय, प्रशासनिक तथा लेखापरीक्षण सम्बन्धी कामको यथार्थ स्थिति सार्वजनिक गर्ने अभिप्रायले यो प्रगति प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुने विश्वास लिएको छु ।

प्रतिवेदन तयारीमा संलग्न तथा यसमा सहयोग पुऱ्याउने सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

**(बामदेव शर्मा अधिकारी)**

चैत्र, २०८० कार्यवाहक महालेखापरीक्षक

# विषय-सूची


| क्र.सं. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| १ | पृष्ठभूमि ........................................ | १ |
| २ | संविधान प्रदत्त अधिकार र कर्तव्य ........................................ | ४ |
| ३ | लेखापरीक्षणमान र कार्यपद्धति ........................................ | ५ |
| ४ | मानव संसाधन ........................................ | ९ |
| ५ | आन्तरिक व्यवस्थापन ........................................ | १० |
| ६ | महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन पेस ........................................ | १५ |
| ७ | महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाको समीक्षा........................................ | १५ |
| ८ | संस्थागत सुदृढीकरण ........................................ | १६ |
| ९ | विनियोजन खर्चको स्थिति ........................................ | १७ |
| १० | आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार ........................................ | १८ |
| ११ | अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग ........................................ | १९ |
| १२ | राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता ........................................ | २१ |
| १३ | सरोकारवालासँगको सम्बन्ध ........................................ | २२ |
| १४ | लेखापरीक्षण नतिजा ........................................ | २६ |
| १५ | वित्तीय तथा परिपालना लेखापरीक्षण ........................................ | २७ |
| १६ | कार्यमूलक तथा विशेष लेखापरीक्षण ........................................ | ३० |
| १७ | सुधारका क्षेत्रहरू ........................................ | ३१ |
| | निष्कर्ष ........................................ | ५२ |
| **तालिका** | | |
| १ | दरबन्दी तथा पदपूर्ति स्थिति ........................................ | ५३ |
| २ | बढुवा भएका कर्मचारीहरूको विवरण ........................................ | ५४ |
| ३ | सेवा निवृत्त भएका कर्मचारीहरूको विवरण ........................................ | ५५ |
| ४ | सरुवा भई आएका कर्मचारीहरूको विवरण ........................................ | ५६ |
| ५ | आर्थिक वर्ष २०७९।८० को वार्षिक आर्थिक विवरण (२०८००००१३ चालु) .............. | ५९ |
| ६ | आर्थिक वर्ष २०७९।८० को वार्षिक आर्थिक विवरण (२०८०००११३ चालु) .............. | ६० |
| ७ | आर्थिक वर्ष २०७९।८० को वार्षिक आर्थिक विवरणहरू (२०८०००११४ पुँजीगत) ........ | ६१ |
| ८ | आर्थिक वर्ष २०७९।८० को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१३ चालु) ........................................ | ६२ |
| ९ | आर्थिक वर्ष २०७९।८० को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१४ पुँजीगत) ........................................ | ६३ |
| १० | आर्थिक वर्ष २०७९।८० को अर्थ बजेटको वार्षिक आर्थिक विवरण ............................ | ६४ |
| ११ | आर्थिक वर्ष २०७९।८० को राजस्वको वार्षिक आर्थिक विवरण ................................ | ६५ |
| १२ | आर्थिक वर्ष २०७९।८० को धरौटीको आर्थिक विवरण ........................................ | ६६ |

# १. पृष्ठभूमि

१.१. **कार्यालय परिचयः** नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रूपमा २०१६ सालमा यस कार्यालयको स्थापना भएको हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षक नियुक्तिमा परामर्श प्रदान गर्ने गरिएको छ । यसका अतिरिक्त महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी कानुनद्वारा तोकिएको समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतका संस्था वा निकायको लेखापरीक्षण कार्यालयबाट गर्ने गरिएको छ ।

साथै कार्यालयले वित्तीय, कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण समेत गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ। साथै प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेस गर्ने र उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने गरेको छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण गरी वार्षिक प्रतिवेदन जारी हुने र प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल हुने तथा आवश्यक निर्णय हुने गरेको छ ।

१.२. सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनको सिद्धान्त अनुरुप पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी यस कार्यालयबाट आर्थिक वर्ष २०७९।८० मा सम्पादित कामलाई सरोकारवालाहरू समक्ष जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३. **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिमको दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरू निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरूलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरूलाई अङ्गीकार गरिएको छः

- ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरूसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्ने, व्यहोरा औंल्याउने, लेखापरीक्षण राय व्यक्त गर्ने ।
- ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्दा पेशागत निष्ठा प्रस्तुत गर्ने।
- ***जवाफदेहिताः*** लेखापरीक्षण पेशा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फ ध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहने ।
- ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना, तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको अङ्गीकार र निश्चित आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्ने र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्ने।
- ***व्यावसायिकताः*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न ***कर्मचारीको*** सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्ने र स्वाध्ययनलाई निरन्तरता दिने।

## १.४. कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनैतिक लक्ष्य र उद्देश्यः



१.५. **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रूपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा शासकीय व्यवस्था, पूर्वाधार विकास, अर्थ राजस्व र आर्थिक तथा सामाजिक सेवा लेखापरीक्षण विभाग हेर्ने गरी ४ उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र विभागअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १८ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ ।

महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरूको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरू रहेका छन् । प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी नेपाल सरकारबाट मिति २०७८।५।३ मा ६४३ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ ।

## २. संविधान प्रदत्त अधिकार र कर्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी संघीय कानुनबाट तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सम्बन्धमा गरिनुपर्ने कामहरूको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र ५० प्रतिशतभन्दा बढी स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ।

संविधान, लेखापरीक्षण ऐन एवं अन्य संघीय कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरूको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण,

- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी संघीय कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरूको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरूको लेखापरीक्षण,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,
- लेखा तथा वित्तीय प्रतिवेदनसम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र
- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरूको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

## ३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरू तयार गरी लागू गरिएको छ।

३.१. **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनबाट जारी अन्तर्राष्ट्रिय लेखापरीक्षणमान (INTOSAI Framework For Professional Pronauncement-IFPP) मा आधारित नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standards-NGAS) जारी गरी २०७७।४।१६ देखि लागू गरिएको छ । यसबाट वि.सं. २०५३ र २०६३ मा जारी सरकारी लेखापरीक्षण नीति मानदण्ड प्रतिस्थापन भएको छ।

३.२. **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, तरिका र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ। उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरूले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरूको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरू जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरूको समेत लेखापरीक्षण स्थलगत रूपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गरिन्छ ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रूपमै नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मार्फत उपलब्ध गराई सोको बोधार्थ प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसमेतलाई उक्त प्रणालीमार्फत नै उपलव्ध गराउने गरिएको छ। लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ।

३.३. **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०७९।८० मा वार्षिक लेखापरीक्षण योजना र कार्यक्रमको अधीनमा रही ४ हजार ६८ संघीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय १ हजार २१८, स्थानीय तह (गत वर्षको बक्यौता २ समेत) ७५१, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानहरु ४३४ र संगठित संस्था ७५ समेत ६ हजार ५४६ निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी सम्पादित कार्यको गुणस्तर पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। साथै यो वर्ष ६ विषयको कार्यमूलक, एक वातावरणीय र एक सूचना प्रविधि लेखापरीक्षणसमेत सम्पन्न गरिएको छ। कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४. **निर्देशिका तथा मार्गदर्शन तर्जुमाः** लेखापरीक्षण कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन देहायबमोजिमको निर्देशिका तथा मार्गदर्शन तर्जुमा गरी लागु गरिएका छन्:

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरूको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कार्यान्वयनमा ल्याइएको "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" पालनाको अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी लागू गरिएकोले कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ । त्यस्तै कार्यमूलक लेखापरीक्षण, परिपालनाको लेखापरीक्षण, वित्तीय उत्तरदायित्व लेखापरीक्षण, राजश्व लेखापरीक्षण मार्गदर्शन लगायतका मार्गदर्शन स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

- **नेपाल सरकारी लेखापरीक्षणमानः** लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी

लेखापरीक्षण नीति मानदण्ड खारेज गरी देहायअनुसारका "नेपाल सरकारी लेखापरीक्षण मान" (Nepal Government Auditing Standards-NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७।४।१६ देखि लागू हुने गरी कार्यान्वयनमा आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका अन्तराष्ट्रिय लेखापरीक्षण मान (INTOSAI Framework for professional pronouncements-IFPP) मा आधारित रही लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम सो मानदण्ड जारी भएको हो ।

| NGAS *No.* | नेपाल सरकारी लेखापरीक्षण मानको नाम |
|---|---|
| INTOSAI-P1 | The Lima Declaration |
| INTOSAI-P10 | Mexico Declaration on SAI Independence |
| INTOSAI-P12 | The value and Benefits of Supreme Audit Institutions-Making a difference in the life of Citizen |
| INTOSAI-P20 | Principles of Transparency and Accountability |
| ISSAI 100 | Fundamental Principles of Public Sector Auditing |
| ISSAI 130 | Code of Ethics |
| ISSAI 140 | Quality control for SAIs |
| ISSAI 200-299 | Financial Audit Principles |
| ISSAI 300-399 | Performance Audit Principles |
| ISSAI 400-499 | Compliance Audit Principles |
| ISSAI 2000-2899 | Financial Audit Standards |
| ISSAI 3000-3899 | Performance Audit Standards |
| ISSAI 4000-4899 | Compliance Audit Standards |

## ३.५. लेखापरीक्षण व्यवस्थापन

- **वित्तीय लेखापरीक्षणः** यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकायको आ. व. २०७८।७९ को कारोबार रू.२३ खर्ब ५६ अर्ब ३४ करोड र १ हजार २१८ प्रदेश मन्त्रालय तथा निकायको रू.३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५३ मध्ये ७४९ र गत वर्षको बक्यौता २ समेत ७५१ को रू.११ खर्ब ४ अर्ब १ करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४३४ को रू.१ खर्ब ८२ अर्ब २२ करोड र संगठित संस्था ७५ को रू.३१ खर्ब ८२ अर्ब ८७ करोडसमेत रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

- **कार्यमूलक लेखापरीक्षणः** यो वर्ष ६ विषयको कार्यमूलक, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

- **संगठित संस्थाको लेखापरीक्षणः** यो वर्ष संगठित संस्थातर्फ ७५ इकाईको रू.३१ खर्ब ८२ अर्ब ८७ करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ३२ संस्थाको रू.१३ खर्ब ४१ अर्ब ७६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ। समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही भएको छैन।लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ। लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू उपर रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ। गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरूको अन्तिम

प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्ष सञ्चितकोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकाय र संगठित संस्थाबाट पेस भएका वित्तीय विवरणमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरूप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फस्यौंट गरी स्थलगत रूपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको कार्य टुङ्गो लगाउने नीति कार्यालयले लिएको थियो । तद्अनुरूप २०७९ श्रावणदेखि २०८० आषाढ मसान्तसम्म संघ, प्रदेश, स्थानीय तह तथा अन्य समिति तथा संस्थाहरूले रू.१५ अर्ब १ करोड ७२ लाख सम्परीक्षण गराएका छन् ।

- **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०७८।७९ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रूपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरू, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरू, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरू समेटी वार्षिक लेखापरीक्षण योजना, २०७९ तर्जुमा गरी लागू गरिएको छ ।

- **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०७८।७९ को कारोबारको लेखापरीक्षण २०७९ श्रावण अन्तिम हप्तादेखि शुरु गरी २०७९ माघ मसान्तसम्ममा सम्पन्न गर्ने र चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएकोमा कार्यतालिकाबमोजिम लेखापरीक्षण सम्पन्न गरी २०७९ चैत्र मसान्तमा वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ ।

- **लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरूप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरूप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।

३.६. **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणका सबै चरणमा अनुशरण भएको सुनिश्चित गर्न सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलापहरू सम्पादन हुँदै आएका छन् । यो वर्ष वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम उच्च जोखिमयुक्त निकायका रूपमा

पहिचान भएका सबै सरकारी कार्यालयहरूको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाटै सुपरिवेक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाइएको छ। उच्च तहबाट पुनरावलोकन नभएसम्म कुनै पनि लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्प्रेषण नहुने नीति अवलम्बन गरिएको छ । लेखापरीक्षण प्रतिवेदन जारी पश्चातको पुनरावलोकनको लागि निर्देशकहरूको नेतृत्वमा २०७८।७९ मा लेखापरीक्षण सम्पन्न भएका ५० फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरू सम्बोधन हुने गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) लाई समायोजन गरिएको छ ।

## ४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा तथा नेपाल विविध सेवाका कर्मचारीहरू आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

४.१. **दरबन्दी तथा पदपूर्तिः** नेपालको संविधान र प्रचलित कानुनबमोजिम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्ने कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण २०७८।५।३ मा स्वीकृत भएको छ । कार्यालयको नयाँ स्वीकृत दरबन्दीअनुसार ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारीसहित ६४३ दरबन्दी कायम रहेको छ । स्वीकृत दरबन्दीमध्ये ५४० पदपूर्ति भई १०३ पद रिक्त रहेको छ । कुल पदपूर्तिमध्ये १०६ (१९.६२ प्रतिशत) महिला र ४३४ (८०.३७ प्रतिशत) पुरुष कर्मचारी छन् । दरबन्दी एवम् पदपूर्तिसम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

४.२. **बढुवाः** यो वर्ष उपमहालेखापरीक्षक पदमा १, नायब महालेखापरीक्षक पदमा ५, निर्देशक पदमा १७, लेखापरीक्षण अधिकारी पदमा ७ र कम्प्युटर अपरेटर पदमा २ समेत ५९ जना कर्मचारीको ज्येष्ठता तथा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा भएको छ । साथै आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा यस वर्ष ३ कर्मचारीको बढुवा भएको छ । यससम्बन्धी विवरण तालिका २ संलग्न छ ।

४.३. **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट उपमहालेखापरीक्षक १, नायब महालेखापरीक्षक ५, निर्देशक ३, लेखापरीक्षण अधिकारी ३, टेलिफोन अधिकृत १, लेखापरीक्षण अधीक्षक १ र कार्यालय सहयोगी १ समेत १५ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । यस सम्बन्धी विवरण तालिका ३ संलग्न छ ।

४.४. **सरुवाः** यस वर्ष विभिन्न पदका २९ कर्मचारीहरू अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका तथा यस कार्यालयबाट पदोन्नति तथा सरुवा भई ४ कर्मचारी अन्यत्र सरुवा भई गएका छन् । साथै यस वर्ष नयाँ नियुक्ति भएका कर्मचारीको संख्या ४४ रहेको छ। यससम्बन्धी तालिका ४ र ४क संलग्न छ।

४.५. **दरबन्दी र कार्यबोझः** स्वीकृत दरबन्दी ६४३ मध्ये लेखापरीक्षणमा प्रत्यक्ष संलग्न रहने दरबन्दी ४९९ सुपरभिजनमा रहने दरबन्दी २२ र सहायकको रूपमा रहने १२२ दरबन्दी रहेको छ । प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने ४९९ मध्ये ४१० मात्र पदपूर्ति भई ८९ पद रिक्त रहेको छ। स्थानीय तहमा प्रत्येक वर्ष बजेटको आकार बढिरहेको, स्थलगत रूपमा लेखापरीक्षण गर्नुपर्ने, कारोबारको जटिलता बढेको आदि कारणबाट स्वीकृत दरबन्दीअनुसार लेखापरीक्षण सम्पन्न गर्न कार्यबोझ बढी रहेकोले प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने पदमा २९ दरबन्दी थप गर्ने प्रस्ताव गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७८।५।३ मा स्वीकृत भई दरबन्दीमा वृद्धि भएको अवस्था छ ।

४.६. **विभूषणः** संविधान दिवस २०७९ को अवसरमा नेपाल सरकारबाट प्रदान हुने विभूषण तथा पदकबाट नायब महालेखापरीक्षकद्वय श्री घनश्याम पराजुली र श्री नेत्रकुमार खत्री सुप्रबल जनसेवाश्रीबाट विभूषित हुनु भएको छ । त्यसैगरी लेखापरीक्षण अधिकारी श्री सिर्जना रिमाल प्रबल जनसेवा श्रीबाट विभूषित हुनुभएको छ।

४.७. **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७९ को अवसरमा यस कार्यालयका निर्देशक श्री सत्यनारायण थापा निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

## ५. आन्तरिक व्यवस्थापन

५.१. **प्रकाशनः** सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन २०७५ आषाढ महिनादेखि मासिक रूपमा लेखापरीक्षण बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी गरिएकोमा यस वर्ष २०७९ श्रावण देखि २०७० असार सम्ममा २१ देखि २२ अंकका २ वटा बुलेटिन प्रकाशित गरिएको छ । सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ९५ औं अङ्क २०८० असार महिनामा प्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

५.२. **वार्षिक लेखापरीक्षण योजना, २०७९ को कार्यान्वयनः** वार्षिक लेखापरीक्षण योजना, २०७९ तर्जुमा गरी सो बमोजिमको वार्षिक लेखापरीक्षण कार्यतालिका सम्प्रेषण एवं बेरुजू फस्यौंट सम्बन्धमा नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखाउत्तरदायी अधिकृतबीच अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजू फस्यौंटलाई प्राथमिकता दिँदै वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा सबै लेखा उत्तरदायी अधिकृतलाई माननीय महालेखापरीक्षकबाट निर्देशन भएको थियो ।

वार्षिक लेखापरीक्षण योजना, २०७९।४।२२ गते स्वीकृत गरी सबै लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) बाट सम्पादन गरिएको छ । वार्षिक लेखापरीक्षण योजनामा लेखापरीक्षण गरिने निकायहरूलाई उच्च र न्यून जोखिमयुक्त कार्यालयमा विभाजन गरिएको थियो । उच्च जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा लेखापरीक्षण गरिएको छ। न्यून जोखिममा रहेका निकायको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा प्राप्त हुने व्यवस्था मिलाई दूर लेखापरीक्षण विधिबाट सम्पन्न गरिएको छ ।

५.३. **महालेखा नियन्त्रकबाट एकीकृत वित्तीय विवरण पेशः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालसमक्ष महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) बमोजिम आर्थिक वर्ष २०७८।७९ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण २०७९ कार्तिक १५ मा पेश गर्नु भएको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले व्यवस्था गरे अनुसार आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नदेखिएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएपनि सार्वजनिक सम्पत्तिको पूर्णरुपमा प्रविष्टि हुन नसक्दा त्यसको पूर्ण सार्थकता कायम हुन नसकेको धारणा राख्नु भएको थियो। माननीय महालेखापरीक्षकज्यूले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट तथा सम्परीक्षण गराउन महालेखा नियन्त्रक कार्यालयको भूमिका महत्वपूर्ण हुने बताउनु भएको थियो। साथै उहाँले सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न निकायहरूले सञ्चालनमा ल्याएका विद्युतीय प्रणालीहरूको एक

आपसमा आवद्धता एवं तिनीहरूको निरन्तर स्तरोन्नति, निकायहरूबीच उच्चस्तरको समन्वय र कानुनको परिपालना तथा अनुगमन निरीक्षण प्रणालीमा कार्यालयले अझ बढी ध्यान दिनु पर्ने आवश्यकतामाथि जोड दिनु भएको थियो।

कार्यक्रममा महालेखा नियन्त्रक श्री मैनालीले आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोषहरू सहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण प्रतिवेदन भाग १ देखि १० सम्म पेश गरिएको र यसका लागि माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त मार्गनिर्देशन प्रति आभार प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उप महालेखापरीक्षक, नायब महालेखापरीक्षक सहित सम्वद्ध कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५.४. **लेखापरीक्षणमा खटिने कर्मचारीलाई अभिमुखीकरणः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा कार्यालयबाट आ.व.२०७८।७९ को लेखापरीक्षणको लागि प्रथम चरणको ४५ जिल्ला र निर्देशनालयगत रुपमा स्थलगत खटिने टोली लाई २०७९ श्रावण २५ मा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले सहभागीहरूलाई यो वर्षको लेखापरीक्षण कार्यतालिका तथा त्यसका विविध आयामका सम्बन्धमा निर्देशन प्रदान गर्नुभएको थियो । कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा सम्वन्धित उपमहालेखापरीक्षक र नायब महालेखापरीक्षकज्यूबाट कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको थियो ।

कार्यालयले वार्षिक लेखापरीक्षण योजना, २०७९ मा उल्लिखित परीक्षण गर्नुपर्ने प्रमुख विषयका सम्बन्धमा यो वर्षको लेखापरीक्षणको पहिलो चरण अन्तर्गत ४५ जिल्लाको लेखापरीक्षण डोरमा खटिने टोलीप्रमुख तथा उपटोलीप्रमुखहरूलाई अभिमुखीकरण तालिम प्रदान गरेको थियो। उक्त कार्यक्रममा महालेखापरीक्षकबाट ईकाईगत लेखापरीक्षण योजना, टोली व्यवस्थापन, डोर सञ्चालन, गुणस्तर नियन्त्रण तथा सुपरिवेक्षण, पेशागत मर्यादा र व्यवहार जस्ता स्थलगत लेखापरीक्षण प्रद्धतिका प्रमुख आयामका सम्वन्धमा निर्देशन प्रदान गरिएको थियो। कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा उपमहालेखापरीक्षक र नायब महालेखापरीक्षकबाट अभिमुखीकरण गरिएको थियो।

५.५. **लेखापरीक्षण सम्बन्धी प्रदेशगत अन्तरक्रिया :** लुम्बिनी प्रदेश सभा सार्वजनिक लेखा समितिको आयोजनामा महालेखापरीक्षकको प्रदेश वार्षिक प्रतिवेदन कार्यान्वयनका सम्वन्धमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षक सहित एक उपमहालेखापरीक्षक र एक निर्देशकको सहभागिता रहेको थियो। अन्तरक्रिया कार्यक्रममा कानुनको पालनाबाट बेरुजूमा कमी ल्याउन सकिने र वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरी वित्तीय अनुशासनमा सुधार ल्याउने सम्वन्धमा छलफल केन्द्रित थियो। उक्त कार्यक्रममा प्रदेशको बेरुजू फस्यौंटको प्रगति सन्तोषजनक नदेखिएकोले यसमा तदारुकता ल्याउन र बेरुजू स्थितिमा क्रममा कमी ल्याउन कानूनी व्यवस्था अनुसार

सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामाथि जोड दिइएको थियो।

५.६. **स्थानीय तहसँग अन्तरक्रियाः** काठमाडौं उपत्यका भित्रका स्थानीय तहका पदाधिकारीहरूसँग लेखापरीक्षण योजना, २०७९ र प्रतिवेदन कार्यान्वयनका विषयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा नागरिकको सबैभन्दा नजिकबाट निगरानी हुने स्थानीय सरकारमा वर्षेनी एकै प्रकृतिका बेरुजू दोहोरिनु उचित नभएकोले नवनिर्वाचित नेतृत्वले त्यसमा सुधार ल्याउने विश्वास व्यक्त गरिएको थियो। स्थानीय तहले आफ्ना योजनाका अतिरिक्त संघ, प्रदेश र गैर सरकारी संघसंस्थाबाट सञ्चालित कार्यक्रमहरूको समेत अनुगमन गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी रहेकोले समग्र बेरुजूमा कमी ल्याउन स्थानीय तहको संस्थागत सुदृढीकरण र प्रभावकारी आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षणको आवश्यकतामा जोड दिएको थियो।

५.७. **लेखापरीक्षण सल्लाहकार समितिको बैठकः** लेखापरीक्षणको विश्वसनीयता, गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै यसका नीतिगत, कानूनी, प्रक्रियागत तथा व्यावहारिक पक्षहरूमा सुधार ल्याउने उद्देश्यले लेखापरीक्षण सल्लाहकार समितिको गठन गरिएको छ। सल्लाहकार समितिमा महालेखापरीक्षकको अध्यक्षतामा प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत राष्ट्रिय जीवनका महत्त्वपूर्ण क्षेत्रमा कार्य अनुभव भएका तथा योगदान पुऱ्याएका व्यक्तिहरू सदस्य रहेका छन् भने उपमहालेखापरीक्षकले समितिको सदस्य सचिवको रूपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ। समितिको कामलाई थप प्रभावकारी बनाउन अघिल्लो वर्ष गठन गरिएका प्रशासन तथा सुशासन, आर्थिक क्षेत्र, योजना पूर्वाधार, वित्तीय व्यवस्थापन र सामाजिक सेवा गरी ५ उपसमितिलाई निरन्तरता प्रदान गर्दै यो वर्ष २ सदस्य थप गरिएको छ। यो वर्ष समितिको ३ वटा बैठकमा महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, लेखापरीक्षण नीति तथा कार्यक्रम, कार्यमूलक, सूचना प्रविधि, वातावरणीयलगायत विशेष लेखापरीक्षणका विषयहरू, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्य सञ्चालन स्थिति, लेखापरीक्षणमा समावेश हुने विषयहरू, प्रतिवेदन तयारीका सम्बन्धमा बैठकमा छलफल गरी सुझावहरू लिइएको छ।

५.८. **कार्यालयको ६५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्नः** महालेखापरीक्षकको कार्यालयको ६५ औं वार्षिकोत्सव २०८० असार १५ गते सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यमा शुभकामना, सम्मान तथा पुरस्कार वितरणसहितका कार्यक्रम आयोजना गरी सम्पन्न भयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूले लेखापरीक्षण प्रतिवेदनले आर्थिक कारोवारमा भएका विकृति, विसंगतिहरूलाई निष्ठा, इमान्दारिता तथा पारदर्शी ढंगले यथार्थपरक रुपमा बाहिर ल्याएको बताउनु भएको थियो । उहाँले सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्न र सार्वजनिक क्षेत्र तथा निकायमा हुने आर्थिक अनियमितता एवं चुहावट नियन्त्रणका लागि नेपालको संविधान तथा प्रचलित कानुनले महालेखापरीक्षकलाई महत्वपूर्ण जिम्मेवारी सुम्पेको चर्चा गर्दै त्यसलाई पूरा गर्न कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यकता माथि जोड दिनु भएको थियो । त्यसैगरी सम्माननीय सभामुखज्यूले राज्यको स्रोत साधन र कोष सञ्चालन गर्ने सबै सरकारी निकायहरूले वित्तीय अनुशासन र जवाफदेहिता वहनमा नेतृत्वदायी भूमिका निर्वाह गरी सकभर अनियमितता र बेरुजु हुनै नपाउने गरी काम, कारबाही सञ्चालन गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतज्यूले शुभकामना मन्तव्य व्यक्त गर्दै राज्यका तीनवटै अंग तथा तीनै तहका सरकारको कार्यसम्पादन मूल्यांकन गरी प्रतिवेदन गर्ने जिम्मेवारी महालेखापरीक्षकको रहेको उल्लेख गर्नुहुँदै लेखापरीक्षण प्रतिवेदनको सुझाव कार्यान्वयन गरी वित्तीय

सुशासन कायम गर्नुपर्ने र सूचना प्रविधिको उच्चतम प्रयोगलाई जोड दिई स्वचालित कार्यप्रणाली अपनाउनु पर्ने आवश्यकता औंल्याउनु भयो । सो कार्यक्रममा माननीय अर्थमन्त्री महतज्यूले सार्वजनिक आर्थिक कारोबार सञ्चालनमा पारदर्शिता तथा स्वच्छता कायम गर्न नेपाल सरकार प्रतिवद्ध रहेको र लेखापरीक्षणबाट प्राप्त सुझाव कार्यान्वयनमा सम्वद्ध निकायहरूले तदारुकता साथ काम गर्नुपर्ने आवश्यकता रहेको समेत बताउनु भएको थियो । उक्त वार्षिकोत्सव कार्यक्रममा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका माननीय सभापति श्री अर्जुननरसिंह के.सी.ले वार्षिकोत्सवको शुभकामना प्रदान गर्नुहुँदै जनताबाट संकलन गरेको कर पारदर्शी तथा विधिसम्मत खर्च भए नभएको मूल्यांकन गरी यथार्थ प्रतिवेदन तयार गर्न तथा लेखापरीक्षण गर्दा दबाब र प्रभावमा नपरी कार्यसम्पादन गर्नुपर्ने विषयमा जोड दिंदै संसदका समितिहरूले दिएका सुझावहरू कार्यान्वयन हुनुपर्ने विचार व्यक्त गर्नु भएको थियो ।

सो अवसरमा कार्यवाहक महालेखापरीक्षक श्री राममाया कुँवरले कार्यक्रममा उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुहुँदै लेखापरीक्षणमा अपनाइएका विधि, प्रक्रिया र मान्यताका सम्वन्धमा प्रकाश पार्नु भएको थियो । सो अवसरमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको प्रभावकारी कार्यान्वयन नहुँदा अपेक्षितस्तरमा वित्तीय सुशासन अनुभूति गराउन नसकिएको उल्लेख गर्नुहुँदै महालेखापरीक्षकको कार्यालयले स्थानीय तहको लेखापरीक्षणलाई विशेष महत्व दिंदै आएको बताउनु भएको थियो । त्यस्तै वार्षिकोत्सव कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत ९ जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो ।

५.९. **अनवरत पेशागत शिक्षा तालिमः** कार्यालयका कर्मचारीका लागि अनवरत पेशागत शिक्षा (CPE) सम्बन्धी तीन दिने तालिम २०७९ श्रावण ३ बाट र २०८० जेष्ठ ३ गतेबाट शुरु भई सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले पेशागत तालिममा सिकेको ज्ञान तथा धारणाले लेखापरीक्षण जोखिम घटाई प्रतिवेदनमा गुणस्तरीयता अभिवृद्धि ल्याउने विश्वास व्यक्त गर्नु भएको थियो । लेखापरीक्षण कार्यको अन्तिम निजोड प्रतिवेदननै भएकोले त्यसलाई सम्वन्धित सरोकारवालाले यथार्थ रुपमा वुझ्न सक्ने तथा प्रतिवेदनको मानदण्ड अनुरुप स्तरीयता ल्याउन सहयोग पुग्ने गरी तालिमका विषयवस्तु समावेश गर्नु पर्ने आवश्यकतामा जोड दिनु भएको थियो ।

२०७९ श्रावणमा भएको कार्यक्रममा उपमहालेखापरीक्षक श्री महेश्वर काफ्ले, उपमहालेखापरीक्षक श्री वामदेव शर्मा, अधिकारी, नायब महालेखापरीक्षकहरू श्री वैकुण्ठ बहादुर अधिकारी, श्री ताराप्रसाद पाण्डे, महालेखानियन्त्रक कार्यालयका उपमहालेखानियन्त्रक श्री भेषप्रसाद भुर्तेल, निर्देशकहरू श्री कमलप्रसाद सिलवाल, श्री निरप्रसाद सुवेदी, श्री लेख बहादुर थापा र श्री विष्णुप्रसाद पौडेलले विभिन्न विषयमा सहजीकरण गर्नु भएको थियो । त्यस्तै २०८० जेष्ठमा भएको कार्यक्रममा उपमहालेखापरीक्षक श्री वामदेव शर्मा, अधिकारी, नायब महालेखापरीक्षकहरू श्री ईन्द्रप्रसाद आचार्य, श्री शंकरप्रसाद पन्थी, श्री घनश्याम पराजुली, श्री ताराप्रसाद पाण्डे, श्री नारायण एमसी, श्री चन्द्रकान्त भण्डारी, निर्देशक श्री कमलप्रसाद सिलवाल र ईन्जिनियर श्री कृष्णराज पन्तले विभिन्न विषयमा सहजीकरण गर्नु भएको थियो । २०७९ श्रावण ३ बाट शुरु भएको तालिममा ४३७ जना कर्मचारी तथा २८ जना पूर्वकर्मचारी र २०८० जेष्ठ ३ गतेबाट शुरु भएको तालिममा ४३९ जना कर्मचारी तथा ३९ जना पूर्वकर्मचारीहरूको सहभागिता रहेको थियो।

५.१०. **प्रथम चरणको स्थलगत लेखापरीक्षणको प्रस्तुतीकरणः** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम प्रथम चरण अन्तर्गत विभिन्न ४५ जिल्लास्थित संघीय र प्रदेश कार्यालय तथा स्थानीय तहको स्थलगत लेखापरीक्षण सम्पन्न गरी फर्किएका टोलीबाट प्रस्तुतीकरण कार्यक्रम मानीय

महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा २०७९ असोज २६ देखि ५ दिनसम्म कार्यालयको सभाकक्षमा सम्पन्न भएको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले प्रथम चरणको स्थलगत लेखापरीक्षण कार्य तोकिएको अवधिमा सफलतापूर्वक सम्पन्न गरेकोमा टोली प्रमुख सहित सदस्यहरूलाई धन्यवाद दिनुहुँदै यो चरणको लेखापरीक्षणमा देखिएका नयाँ विषयहरूलाई अर्को चरणको लेखापरीक्षणमा समेत समुचित ढंगबाट विश्लेषण गर्न र आगामी वर्षको लेखापरीक्षण योजनामा समावेश गर्न निर्देशन दिनु भएको थियो । सो कार्यक्रममा लेखापरीक्षण टोलीका प्रमुखहरूले लेखापरीक्षण अंक, बेरुजु अंक, लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोराहरू, आइपरेका प्रमुख समस्याहरू तथा डोर परिचालन तथा व्यवस्थापनमा गर्नुपर्ने सुधारका विषयहरू प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीकरण कार्यक्रममा सम्बन्धित उपहालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका कर्मचारीको सहभागिता रहेको थियो ।

५.११. **संगठित संस्थाका पदाधिकारी र लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्नः** संगठित संस्थाका प्रमुख र महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त तथा महालेखापरीक्षकको परामर्शमा नियुक्त लेखापरीक्षकहरूसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा नेपाल सरकारका अर्थमन्त्री, महालेखापरीक्षक, नेपाल राष्ट्र बैङ्कका गभर्नर, राजस्व सचिव, अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा प्रमुखसमेतको सहभागिता रहेको थियो। सो कार्यक्रममा प्रत्येक सार्वजनिक संस्थानहरूले सञ्चालनको औचित्य स्थापित गर्न प्रतिस्पर्धात्मक मूल्यमा वस्तु तथा सेवा बिक्री गरी बजारका विकृतिहरूलाई नियन्त्रण गर्न सक्ने गरी कार्यसम्पादनमा सुधार गर्न जोड दिइएको थियो। अन्तरक्रिया कार्यक्रममा सार्वजनिक संस्थानहरू आआफ्नो उद्देश्य अनुसार सञ्चालन गर्न, कोषको व्यवस्था नगरिएको दायित्व सिर्जना नगर्न, समयमै लेखापरीक्षण सम्पन्न गरी वित्तीय अवस्था तथा कार्यसम्पादन स्थितिको सम्बन्धमा पारदर्शिता ल्याई संस्थागत सुशासन कायम राख्न महालेखापरीक्षकबाट निर्देशन प्रदान गरिएको थियो।

५.१२. **कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिताः** सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७३ ले लेखापरीक्षण कार्यमा नागरिक संलग्नताको माध्यमबाट पारदर्शिता अभिवृद्धि गरी प्रतिवेदनको विश्वसनीयतालाई बढाउन नागरिक समाज संस्थाको सहभागिताको ढाँचा निर्धारण गरेको छ। कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक

५.१३. सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरेको छ। यो वर्ष दिगो विकास लक्ष्य ५.५ अन्तर्गत निर्णय तहमा महिला सहभागिता तथा अवसर सम्बन्धी लक्ष्य कार्यान्वयनको अवस्था र सरकारी सेवालाई अनलाइन मार्फत प्रदान गरिने कार्यक्रमको मूल्याङ्कन विषयमा एक नागरिक समाज संस्थालाई सहभागी गराई लेखापरीक्षण कार्य गरिएको छ। त्यसैगरी आयोजनाको छनौट तथा प्राथमिकीकरण, बजेट प्रस्ताव र विनियोजन सम्बन्धी कार्यक्रमको मूल्याङ्कन विषयमा अर्को एक नागरिक समाज संस्थालाई सम्मिलित गराई लेखापरीक्षण सम्पन्न गरिएको छ।

५.१४. **कार्यालय सामग्री तथा उपकरण खरिदः** कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सोझै विधिद्वारा खरिद कार्य गरिएको छ ।

| क्र सं. | खरिदको विवरण | खरिद विधि | खरिद संझौता रकम(रु. हजारमा) |
|---|---|---|---|
| १. | कार्यालय सामान | बोलपत्र | ३१,१२ |
| २. | ल्यापटप र डेस्कटप | बोलपत्र | ९६,०८ |
| ३. | प्रिन्टर | सोझै | ३,७० |
| ४. | डिस्प्ले | सोझै | ९,३६ |
| ५. | स्कुटर | क्याटलग सपिङ | ९,०४ |
| ६. | फोटोकपी मेसिन | सोझै | ६,२४ |
| | जम्मा | | १,५५,५४ |

५.१५. **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय प्रणाली अवलम्बन गरेको छः

- कर्मचारीहरूको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (e-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गत वर्ष सम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
- कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेबसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरू समावेश गरिएको छ ।
- कार्यालयमा प्राप्त पत्रहरू दर्ताको लागि विद्युतीय प्रणाली सञ्चालनमा रहेको छ ।
- कार्यालयका परिपत्रहरू कर्मचारीहरूलाई Electronic माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ ।

## ६. महालेखापरीक्षकको कार्यालयको ६० औं वार्षिक प्रतिवेदन पेस

महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले २०७९।१२।३० मा पेस गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने भएकोले प्रतिवेदनमा उल्लिखित व्यहोरा नेपाल सरकारले कार्यान्वयन गर्ने गर्नुपर्ने बताउनुभएको थियो ।

## ७. महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाको समीक्षा

नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयमा ११ औं महालेखापरीक्षकको रुपमा २०७४।०२।०८ मा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले आफ्नो कार्यभार सम्हाल्नासाथ संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार, नीतिगत तथा कानूनी सुधार, लेखापरीक्षण प्रकृयामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता र संस्थागत सम्बन्ध तथा सञ्चारसमेत समावेश भएको महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना सार्वजनिक गर्नुभएको थियो । श्री दंगालज्यूको ६ वर्षको कार्यकाल मिति २०८०।०२।०७ मा पूरा हुन लागेको सन्दर्भमा उक्त ६ वर्षे कार्ययोजनामा उल्लेख गरेका विषयहरूको कार्यान्वयन र त्यसका उपलब्धि मूल्याङ्कन गरी त्यसको प्रतिवेदन समेत तयार गरी प्रकाशन गरिएको छ ।

कार्ययोजना कार्यान्वयनको अवस्था विश्लेषण गर्दा कार्ययोजनामा उल्लेखित कुल ११० क्रियाकलाप मध्ये ६३ कार्यान्वयन भएको, ३७ आंशिक कार्यान्वयन भएको र १० कार्यान्वयन हुन बाँकी रहेको देखिएको छ । कार्ययोजनाको कार्यान्वयनबाट कार्यालयको संरचना, कार्यप्रणाली, जनशक्तिको क्षमतामा विकास र लेखापरीक्षण पद्धतिमा सुधार भई संगठनात्मक कार्यदक्षता अभिवृद्धि भएको देखिएको छ । संघ, प्रदेश र स्थानीय तहसम्मको लेखापरीक्षण गर्न आवश्यक दरबन्दी सहित महानिर्देशनालय तथा निर्देशनालयको पुनर्संरचना गरिएको छ। त्यसैगरी कार्य वातावरणमा सुधार ल्याउन काठमाडौंको अनामनगरमा लिफ्ट सुविधा, अण्डरग्राउण्ड पार्किङ्ग, बैठक कक्ष, पुस्तकालय, क्यान्टिन, तालिम हल लगायतका सुविधा रहेको नयाँ कार्यालय भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ। त्यस्तै आवश्यकताअनुसार थप फर्निचर, ल्यापटप, प्रिन्टर, सवारी साधन लगायतका स्रोत साधनको व्यवस्था गरिएको छ ।

महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण कार्यक्रमअन्तर्गत लेखापरीक्षण कार्यलाई सूचना प्रविधिमैत्री र थप व्यवस्थित बनाउन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली *(NAMS)* तर्जुमा गरी प्रयोगमा ल्याइएको छ। उक्त प्रणालीलाई थप प्रभावकारी बनाउनको लागि आफ्नै सर्भर खरिद गरी सो सर्भरलाई सिंहदरबारस्थित राष्ट्रिय सूचना प्रविधि केन्द्रमा जडान गरेर सञ्चालनमा ल्याइएको छ। लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि लेखापरीक्षण प्रतिवेदन जारी पूर्व गुणस्तर नियन्त्रण पुनरावलोकन आश्वस्तता र लेखापरीक्षण प्रतिवेदन जारी पश्चात् गुणस्तर पुनरावलोकन आश्वस्तता गर्ने गरिएको छ। कर्मचारीको अनुशासन, पदीय आचरण र लेखापरीक्षकको आचारसंहिता पालनाको अनुगमनका लागि अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्ने व्यवस्था रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुरूप संघ, प्रदेश र स्थानीय तह तीन वटै सरकारका विद्यमान लेखा र प्रतिवेदन ढाँचामा संशोधन, परिमार्जन र थप समेत गरी महालेखा नियन्त्रक कार्यालयले पेस गरेका लेखा ढाँचाहरू स्वीकृत भई कार्यान्वयनमा आएको छ । यसका साथै नेपाल सरकारी लेखापरीक्षण मान (NGAS) महालेखापरीक्षकबाट स्वीकृत भई २०७७ श्रावण १ देखि कार्यान्वयनमा आएको छ ।

यसै गरी कार्यालयले कार्यमूलक लेखापरीक्षणमा जोड दिँदै खासगरी भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम, स्वास्थ्य सेवा प्रवाह, गरिबी निवारण कार्यक्रम, सार्वजनिक जग्गाको उपयोग र संरक्षण, सरकारी सम्पत्तिको संरक्षण एवं उपयोग, कर निर्धारण र असुली व्यवस्थापन, दिगो विकास लक्ष्य, कोभिड-१९ महामारीको नियन्त्रण, रोकथाम तथा उपचार, सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार, निर्णय तहमा महिला सहभागिता तथा अवसर सम्बन्धी लक्ष्य कार्यान्वयनको अवस्था जस्ता जनचासो र सरोकारका ज्वलन्त विषयहरूको कार्यमूलक तथा विशेष लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ । ६ वर्षे कार्य योजना कार्यान्वयन प्रतिवेदन संघीय संसदको सार्वजनिक लेखा समिति तथा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सेनालाई समेत उपलब्ध गराइएको थियो ।

## ८. संस्थागत सुदृढीकरण

विश्व बैङ्कको सहयोगमा सञ्चालित एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (PEFA) अन्तर्गतको कम्पोनेन्ट २ महालेखापरीक्षकको कार्यालयले कार्यान्वयन गरिरहेको छ । यस कार्यालयका लागि स्वीकृत रू.४० करोडमध्ये २०८० आषाढसम्ममा रू. ३१ करोड ८७ लाख ६४ हजार अर्थात् ७९.६९ प्रतिशत खर्च भएको छ । आयोजनाको अवधि आर्थिक बर्ष २०७९।८० सम्म रहेको थियो । आयोजनाको मुख्य क्रियाकलाप तथा प्रगति स्थिति देहायअनुसार छः

- आयोजनाको परामर्शदाता Ernst and Young LLP सँग २९ अगष्ट २०१९ मा सम्झौता भएकोमा सम्झौता रकम अमेरिकी डलर १५,८३,२४३.०० को ९० प्रतिशत भुक्तानी भएको,

- परामर्शदाताले १४ नोभेम्बर २०१९ मा Inception Report (प्रारम्भिक प्रतिवेदन) पेस भएको,
- परामर्शदाताबाट Public Audit Restructuring Framework, Risk Based Audit Framework, Completion Report on Developed NAMS, Code of Ethics, Financial Audit Manual, Compliance Audit Manual, Performance Audit Manual, Citizen Participatory Audit Manual, IT Policy, IT Excellence Centre, IT Sectoral Audit Guide को मस्यौदा पेस भएको,
- आयोजनाअन्तर्गत वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी, लेखापरीक्षण प्रक्रियामा नागरिक समाज परिचालन, पाइलट अडिट सम्पन्न, लेखापरीक्षण सफ्टवेयर (NAMS) सम्बन्धमा ४०० कर्मचारीलाइ रोलआउट तालिम सम्पन्न, सर्भर लगायतका उपकरण प्राप्ति तथा लेखापरीक्षणको प्रभावकारी अनुगमनसम्बन्धी कार्य सम्पन्न भएको,
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) ले जारी गरेका लेखापरीक्षण मानदण्ड (FIPP) को आधारमा नेपाल सरकारी लेखापरीक्षणमान (Nepal Government Auditing Standards - NGAS) जारी गरी लागू गरिएको छ ।

## ९. विनियोजन तथा खर्चको स्थिति

९.१. **विनियोजनः** यस कार्यालयको २०७९।८० को विनियोजन (चालु, पुँजीगत र अर्थ बजेट) तर्फको आर्थिक कारोबार देहायअनुसार रहेको छः




८

- ब.उ.शी.नं. २०८०००१३ (माननीय महालेखापरीक्षकज्यूको प्रशासनिक खर्च) तर्फ यो वर्ष रू.३० लाख २७ हजार बजेट व्यवस्था भएकोमा रू. २७ लाख २७ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ५ मा छ।
- ब.उ.शी.नं. २०८००११३ (प्रशासनिक खर्च चालु) तर्फ यो वर्ष रू.५७ करोड ५० लाख बजेट व्यवस्था भएकोमा रू.५१ करोड ७ लाख ७४ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ६ मा छ ।
- ब.उ.शी.नं. २०८००११४ (प्रशासनिक खर्च पुँजीगत) तर्फ यो वर्ष रू. ३ करोड ८ लाख बजेट व्यवस्था भएकोमा रू.७७ लाख ४८ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ७ मा छ।

- ब.उ.शी.नं. ३०५०११०१३ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा चालु) तर्फ यो वर्ष रू.३ करोड ६ लाख ९१ हजार बजेट व्यवस्था भएकोमा रू.२ करोड ७३ लाख ४५ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ८ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा पुँजीगत) तर्फ यो वर्ष रू.४ करोड ३० लाख ७५ हजार बजेट व्यवस्था भएकोमा रू.४ करोड १२ लाख ४१ हजार खर्च भएको छ। यससम्बन्धी विवरण तालिका ९ मा छ ।
- अर्थ बजेटतर्फ सञ्चित बिदा र औषधि उपचार र उपदानमा रु ३ करोड २३ लाख ०३ हजार खर्च भएको छ। यससम्बन्धी विवरण तालिका १० मा छ।

९.२. **राजस्वः** यस वर्ष अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व र बेरुजू समेत जम्मा ३ वटा शीर्षकमा रू. २४ लाख ३४ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ । राजस्वको आर्थिक विवरण तालिका ११ मा छ ।

९.३. **धरौटीः** गत आर्थिक वर्षसम्मको जिम्मेवारी रू. १ करोड ५ लाख ७ हजारमा यस आर्थिक वर्ष रू. २४ लाख ३५ हजार प्राप्त भई रू. १ करोड २९ लाख ४२ हजार आम्दानी भएकोमा रू.६४ लाख २७ हजार फिर्ता भई रू. ६५ लाख १५ हजार बाँकी रहेको छ । धरौटीको आर्थिक विवरण तालिका १२ मा छ ।

९.४. **लेखापरीक्षण र बेरुजू फस्यौंटः** यस कार्यालयको आर्थिक वर्ष २०७८।७९ को कारोबारको लेखापरीक्षण सम्पन्न भई सैद्धान्तिक व्यहोरासहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

## १०. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

लेखापरीक्षण आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण मानदण्ड, अचारसंहिता तथा क्षेत्रगत मार्गदर्शन जारी गरी कार्यान्वयन गरिएको छ । त्यस्तै लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तता पुनरावलोकनका कार्यक्रम सञ्चालन गरिएका छन् । यससम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमतासमेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्धतिको अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्बन गरिएको छ ।
- नियमनकारी निकायहरूको लेखापरीक्षणमा विशेष ध्यान दिँदै पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।

- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरूसँग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीका लागि निर्देशन दिइएको छ ।
- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षण कार्यको समग्र अनुगमनका लागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना र परिचालन गरिएको छ ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरिवेक्षणका अलावा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरिवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरू उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरू छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा विस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको छ ।
- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा अन्तर्राष्ट्रिय विज्ञहरूको समेत सेवा लिने गरिएको छ।

## ११. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

**वैदेशिक तालिम, अध्ययन र अवलोकनः** आर्थिक वर्ष २०७९।८० मा महालेखापरीक्षकको कार्यालयका अन्य कर्मचारीहरूलाई देहायअनुसारका अन्तर्राष्ट्रियस्तरका भौतिक तथा भर्चुअल कार्यक्रममा सहभागिता गराइएको छ ।

| पद | कर्मचारीको नाम | कार्यक्रमको नाम | देश वा आयोजक संस्था | अवधि |
|---|---|---|---|---|
| लेखापरीक्षण अधिकारी | कृपा मरहट्ठा | *Sectoral Accounts and Balance sheet (PSBS)* | भारत | २०२२ अगष्ट २९ - सेप्टेम्बर २ |
| निर्देशक | ३ जना | *Managing indrastructure assets for sustainable development* | *UNCDF* | २०२२ अगष्ट १-२ सम्म |
| नायब महालेखा परीक्षक | श्री हुमनाथ सुवेदी | *NEC Conference 2022* | इटाली | २०२२अक्टोवर २५-२८ |
| विभिन्न | २ जना | *ASOSAI working group on SDGs* | *ASOSAI* | २०२२ मे २४ देखि |
| विभिन्न | ३ जना | *IDEA DATA Analysis Software* | अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | २०२२ अगष्ट २५ देखि २६ |
| लेखापरीक्षण अधिकारी | श्री नमुना पाण्डे | *Strong and Resilient National Public Health Systems* छलफल | *IDI* | २०२२ नोभेम्वर १५ देखि १७ |
| विभिन्न | ९ जना | *Carbon Redictopm Audit* | *ASOSAI WGEA Secretariat* | *December 6 th* |

| पद | कर्मचारीको नाम | कार्यक्रमको नाम | देश वा आयोजक संस्था | अवधि |
|---|---|---|---|---|
| उप महालेखा परीक्षक | श्री महेश्वर काफ्ले | *International Congress of Supreme Audit Institution* | ब्राजिलको रियो दि जेनेरियोमा | *2022 Nov 7-11* |
| नायब महालेखा परीक्षक | श्री चन्द्रकान्त भण्डारी | | | |
| विभिन्न | ५ जना | *Performance Audit ISSAI Implementation Need assessment (IINA)* | *ASOSAI* | २०७९ मंसिर १६ |
| विभिन्न | ५ जना | *First Regional workshop ISSAI Implementation Needs Assessment for Performance Audit* | *ASOSAI* | ६ देखि १० मार्च २०२३ |
| नायब महालेखापरीक्षक | श्रीकुमार राई | *The regional workshop on Enhancing th collaboration berween supreme Audit Institutions and Anti corruption bodies* | संयुक्त राष्ट्रसंघीय लागु औषध अपराध नियन्त्रण कार्यालय | १४ देखि १६ मार्च २०२३ |
| विभिन्न | ५ जना | *ASOSAI Strategic Plan 2022-2027* | थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था | *28 Feb. 2023* |
| विभिन्न | ३ जना | *ASSOSAI Seminar* | *Office of international affairs Boarder Audit of Japan* | ७,१४,१५ फेब्रुअरी २०२३ |
| उप महालेखापरीक्षक | श्री राममायाँ कुवर | *Annual Meeting* | *AZBRBAIJAN BAKU* | *23-24 May 2023* |
| नायब महालेखापरीक्षक | श्री शंकरप्रसाद पन्थी | | *IDI And Board of Audit of Japan* | *23 March 2023 to 25 January* |
| निर्देशक | श्री कल्पना अर्याल | | *IDI And Board of Audit of Japan* | *23 March 2023 to 25 January* |
| नायब महालेखापरीक्षक | श्री श्याम प्रसाद भण्डारी | *EFA Changemakers 2023-2024* अध्ययन | *IDI* | *23 March 2023 to 24 October* |
| निर्देशक | श्री सिर्जना रिमाल | *EFA Changemakers 2023-2024* अध्ययन | *IDI* | *23 March 2023 to 24 October* |
| विभिन्न | ७ जना | *Sharing Audit Case on Natural Disasters Risk Reduction* | दक्षिण कोरियाको सर्वोच्च लेखापरीक्षण संस्था | २६ अप्रिल २०२३ |
| उप महालेखापरीक्षक | वामदेव शर्मा अधिकारी | *INTOSAI Capacity Building Committee, INTOSAI Donar Co-operation Steering Committee and MOSAIC Steering Committee* को बैठक | *SAI Jamaica* | *19-23 Jun 2023* |
| लेखापरीक्षण अधिकारी | श्री जयानन्द पाण्डे | | | |
| निर्देशक | श्री युवराज अधिकारी | अध्ययन भ्रमण तथा तालिम कार्यक्रम | थाइल्याण्ड | २०८० आषाढ पहिलो हप्ता |
| निर्देशक | श्री कुलचन्द्र भण्डारी | | | |
| निर्देशक | श्री कल्पना अर्याल | *working group on STG and Key sustainable development Indicators* | *Chamber of the Russian federation* | *6-Jun-23* |
| लेखापरीक्षण अधिकारी | श्री महेश श्रेष्ठ | *Agrigultural Services Programme for an Inclusive Rural Economy* विषयको अध्ययन | कम्बोडिया | *2023, 21 Jun To 27* |
| लेखापरीक्षण अधिकारी | श्री बाबुराम भुल | *ISSAI conference 2023* | फिलिपिन्स | *2023, 31 July to 4 August* |

| पद | कर्मचारीको नाम | कार्यक्रमको नाम | देश वा आयोजक संस्था | अवधि |
|---|---|---|---|---|
| विभिन्न | ३० जना | *Cross Learning International Program* | थाइल्याण्ड | *2023 July 9-15* |
| उपमहालेखापरीक्षक | श्री विन्दु विष्ट | *Cross Learning International Program* | थाइल्याण्ड | *2023 July 11-15* |
| निर्देशक | श्री कल्पना अर्याल | | | |
| विभिन्न | २५ जना | *Study observation and capacity development in implementation of Audit* | कोलकाता | *2023 July 11-15* |
| उप-महालेखापरीक्षक | श्री पदमराज पौडेल | *Study observation and capacity development in implementation of Audit* | कोलकाता | *2023 July 11-15* |
| विभिन्न | ५ जना | *International Webinar on "Multi-dimensional Aspects of Auditing Blue Economy"* | *iECD Jaipur* | *13th July 2023* |

## १२. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता

आर्थिक वर्ष २०७९।८० मा यस कार्यालयबाट देहायअनुसारका राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा कार्यालयका उप-महालेखापरीक्षक-१, नायब महालेखापरीक्षक-१०, निर्देशक २८ र अन्य कर्मचारी ५९ समेत जम्मा ९८ कर्मचारीको सहभागिता रहेको थियो । यस्ता तालिम तथा कार्यक्रमले लेखापरीक्षकहरुको क्षमता अभिवृद्धि तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धिमा सहयोग पुगेको छ ।

| पद | कर्मचारीको नाम | कार्यक्रम | आयोजक संस्था | अवधि |
|---|---|---|---|---|
| निर्देशक | सत्य नारायण थापा | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७९।४।१२ |
| निर्देशक | रामचन्द्र पौंडेल | सेवाकालीन तालिम | श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २०७९।४।१९ देखि |
| लेखापरीक्षण अधिकारी | ४ जना | सेवाकालीन तालिम | श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०७९।४।२२ देखि |
| लेखापरीक्षण अधीक्षक | ३ जना | सेवाकालीन तालिम | श्री सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०७९।४।२२ देखि ५।३१ |
| निर्देशक -२ लेखापरीक्षण अधिकारी-२ | ४ जना | प्रशिक्षण | श्री नेपाल अडिटर्स एशोसिएसन अडान | २०७९।४।२० |
| नायब महालेखा परीक्षक | श्री पदमराज पौडेल | ४४ औं Senior Executive Development Program (SEDP) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७९।५।२३ देखि १२।२ |
| | श्री बैकुण्ठ वहादुर अधिकारी | | | |
| नायब महालेखापरीक्षक-२, निर्देशक ३ | ५ जना | मूल्य समायोजन तथा भेरिएशन | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल | २०२२ सेप्टेम्वर २८ |

| पद | कर्मचारीको नाम | कार्यक्रम | आयोजक संस्था | अवधि |
|---|---|---|---|---|
| नायब महालेखापरीक्षक | बैकुण्ठ वहादुर अधिकारी | Emerging Trend in Accounting Profession | नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था | २०७९।७।२४ |
| उप महालेखापरीक्षक | श्री महेश्वर काफ्ले | नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्पारिक मूल्यांकन कार्य अन्तर्गत Onsite Visit | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०७९।८।१९ देखि २०७९।९।१ |
| निर्देशक | श्री कमल सिलवाल | | | |
| लेखापरीक्षण अधीक्षक | ११ जना | सेवा प्रवेश तालिम | महालेखापरीक्षकको कार्यालय | २०७९।८।१८ देखि २०७९।८।२६ |
| नायब महालेखापरीक्षक | ५ जना | UNDP Funded Project हरूको सन् २०२२ मा गरिएका क्रियाकलापको लेखापरीक्षण | UNDP Conference Hall पुल्चोक | २०७९ माघ १६ |
| निर्देशक | ४ जना | लेखापरीक्षण बेरुजू र सरकारी बाँकी रकम सम्बन्धी क्षमता विकास कार्यक्रम | कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय | २०७९।१०।२४ देखि ११।३ सम्म |
| लेखापरीक्षण अधिकारी | ६ जना | सेवाकालीन तालिम | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०७९।११।१० देखि १२।२० |
| निर्देशक | श्री नीर प्रसाद सुवेदी | बेरुजू फछ्र्यौट र NAMS सम्बन्धी अभिमुखीकरण | महालक्ष्मी नगरपालिका | २०७९।११।११ |
| निर्देशक | श्री लोकनाथ घिमिरे | क्षमता अभिवृद्धि तालिम | विराटनगर | २०७९।११।१४ |
| निर्देशक-२, लेखापरीक्षण अधिकारी-१ | ३ जना | Public Finance Management विषयक कार्यशाला | अर्थ मन्त्रालय | १४ र १५ मार्च २०२३ |
| निर्देशक | १० जना | सेवाकालीन तालिम | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०७९।११।१० दखि २०७९।१२।२० सम्म |
| निर्देशक | श्री रमेश सुवेदी | TOT | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०७९।११।१७ देखि २०७९।११।१४ |
| निर्देशक | श्री रचना प्रधान | | | |
| लेखापरीक्षण अधिकारी | ३२ जना | सेवाकालीन तालिम | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | २०८०।०१।२७ देखि |

## १३. सरोकारवालासँगको सम्बन्ध

१३.१. **लेखा उत्तरदायी अधिकृतहरूसँग अन्तरक्रिया कार्यक्रमः** महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका लेखा उत्तरदायी अधिकृतहरूसँग आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखापरीक्षणको नीति, योजना तथा कार्यक्रमका सम्वन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । अन्तरक्रिया कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय तथा आयोगका सचिवहरू सहित महालेखापरीक्षकको कार्यालयका पदाधिकारीहरूको सहभागिता रहेको थियो । अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले महालेखापरीक्षकको यो वर्षको वार्षिक

लेखापरीक्षण नीति, योजना तथा कार्यतालिका र लेखापरीक्षण अवस्थाका विषयमा जानकारी प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले आफूले वार्षिक लेखापरीक्षण योजनादेखि प्रतिवेदनसम्मका विभिन्न चरणमा सम्वन्धित सरोकारवालाको सहभागितालाई सदैव उच्च महत्व प्रदान गर्दै आएको बताउनु हुँदै अघिल्लो वर्षमा बेरुजु फस्यौंट अपेक्षित रुपमा हुन नसकेको तर्फ लेखा उत्तरदायी अधिकृतहरूको ध्यानाकर्षण गराउनु भएको थियो । यो वर्ष आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था र सार्वजनिक लेखासमितिको मिति २०७९।०३।१७ को पत्र अनुसार सो समितिको निर्णयबाट लगत कट्टा गर्ने कार्य बाहेक संघीय कार्यालयहरूको सम्परीक्षण कार्य हाल स्थगन गरिएको उल्लेख गर्नु भयो ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूमा दुई तिहाइ भन्दा बढी हिस्सा अनियमित बेरुजू रहने गरेको तथ्य प्रस्तुत गर्नु हुँदै वहाँले उक्त बेरुजूमा कमी ल्याउन लेखापरीक्षणको लागि आर्थिक कारोवारको स्रेस्ता तथा प्रमाण कागजातहरू पेश गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोराको छलफलमा जिम्मेवार व्यक्ति अनिवार्य उपस्थित हुने व्यवस्थाको लागि आग्रह गर्नु भएको थियो । प्रत्येक वर्ष मुलुकमा बेरुजू थपिंदै जाँदा गएको तथ्यांक प्रस्तुत गर्नुहँदै यो वर्ष बेरुजू फस्यौंटबाट भन्दा बेरुजू आउन नदिनेतर्फ सम्वद्ध पदाधिकारीहरू क्रियाशील भई समग्रमा बेरुजू घट्ने गरी कार्य गर्न जोड दिनु भयो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीले संवोधन गर्नुभएको थियो भने महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यूले लेखापरीक्षण सम्वन्धी संवैधानिक एवं कानूनी व्यवस्था, यो वर्ष लेखापरीक्षण गर्ने निकायहरूको जोखिममा आधारित वर्गीकरण, बेरुजू फस्यौंट स्थिति र लेखापरीक्षणका लागि महालेखापरीक्षकको कार्यालयले लेखा उत्तरदायी अधिकृतज्यूहरूबाट राखेको अपेक्षा समेटिएको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

१३.२. **संस्थागत सम्बन्ध तथा सञ्चार -** लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्दै प्रतिवेदन कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका पदाधिकारी, निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र छलफल गर्ने कार्य गरिएको छ । स्थलगत लेखापरीक्षण कार्यक्रमको नियमित अनुगमन, छलफल तथा अन्तरक्रिया, प्रेस नोट, मासिक बुलेटिन, लेखापरीक्षण पत्रिका, वेब-साइट मार्फत् सूचना प्रवाह तथा सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै वित्तीय अनुशासन पालनाको अवस्था बारे आम नागरिक तहसम्म जानकारी प्रवाह गरिएको छ।

१३.३. **संसदीय समितिहरूसँग समन्वय तथा सम्बन्ध -** लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समितिका अतिरिक्त प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँगको छलफल, सम्पर्क र अन्तरक्रियालाई निरन्तरता दिइएको छ। संसदीय समितिहरूबाट विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको आधारको रूपमा लिने गरिएको छ। यो वर्ष संघीय संसद र प्रदेश सभाका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयबाट हुने सहभागितालाई निरन्तरता दिइएको छ। महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि नै महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराहरू सार्वजनिक लेखासमितिबाट भएको निर्णयअनुसार तथा लेखाउत्तरदायी अधिकृतबाट नियमित भई आएको सम्वन्धमा सम्परीक्षण, लगत कट्टा गर्ने कार्य हुँदै आएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ कार्यान्वयनमा आएपछि लेखाउत्तरदायी अधिकृतले नियमित गरी लगत कट्टाको अनुरोध भएको तथा सार्वजनिक लेखासमितिबाट भएको निर्णयको क्रमशः ७ दिन र १० दिनभित्र

लगत कट्टा गरी जानकारी दिनुपर्ने व्यवस्था लेखापरीक्षण ऐन, २०७५ सँग बाझिएकोले यसमा पुनरावलोकन हुनुपर्ने देखिएको छ । साथै, सार्वजनिक लेखा समितिबाट २०७९।३।१७ मा सबै लेखाउत्तरदायी अधिकृतहरूलाई गरिएको सम्परीक्षण सम्बन्धी परिपत्रबाट संघीय सरकारको सम्परीक्षण कार्य रोकिएको छ। यद्यपि प्रदेश र स्थानीय तहको सम्परीक्षणसम्बन्धी कार्यमा भने गत विगत जस्तै निरन्तरता दिइएको छ।

१३.४. **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तर अनुरूप बनाउने, अन्य मुलुकको लेखापरीक्षण अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरू अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीतिअनुरूप यस वर्ष त्यस्तो कार्यक्रममा भएका सहभागिता देहायबमोजिम छन्ः

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन इन्टोसाईको २४ औं अन्तर्राष्ट्रिय महाधिवेशन (ईन्कोसाई) सन् २०२२ नोभेम्बर ७ देखि ११ सम्म ब्राजिलको राजधानी रियो दि जेनेरियोमा सम्पन्न भयो। विश्वभरका ७०० भन्दा बढी प्रतिनिधिहरूले भाग लिएको उक्त महाधिवेशनमा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका एक उपमहालेखापरीक्षक र एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो। महाधिवेशनमा नियमित एजेण्डाका अतिरिक्त विभिन्न विषयमा साइड इभेन्टहरूको आयोजना गरिएको थियो। सरकारी लेखापरीक्षकहरूको अन्तर्राष्ट्रिय फोरम (एफआईएजी) नामक संस्थाले दिगो विकास, लेखापरीक्षणमा नागरिक सहभागिता, भ्रष्टाचार विरुद्धको संघर्ष, लैङ्गिक समानता, गरिबी निवारण, सार्वजनिक ऋण, डिजिटल रुपान्तरण जस्ता विषयमा छलफल तथा प्रस्तुतीकरणको आयोजना गरेको थियो। महालेखापरीक्षकबाट अनियमितता र भ्रष्टाचार रोकथाममा सर्वोच्च लेखापरीक्षण संस्था र प्राज्ञिक संस्थाबीचको सहकार्य विषयमा प्रस्तुतीकरण गरिएको थियो। यसको साथै महालेखापरीक्षकबाट भारत, बंगलादेश, भुटान र इरानका सर्वोच्च लेखापरीक्षण संस्थाका नेतृत्व सहित प्रतिनिधिमण्डलका सदस्यबीच सार्वजनिक लेखापरीक्षणलाई सुदृढीकरण गर्न आपसी सहयोग आदानप्रदान गर्नेबारेमा छुट्टाछुट्टै छलफलको आयोजना गरिएको थियो।

- संयुक्त अधिराज्य बेलायतको अक्सफोर्ड विश्वविद्यालयको ब्लाभेटनिक स्कूल अफ गभर्नमेन्टले सन् २०२१ देखि २०२३ सम्म  च्यान्डलर सेसन, भ्रष्टाचार नियन्त्रण र सदाचारिता संस्कृति प्रवर्द्धन विषयमा नयाँ पुस्ताको रणनीतिसम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त विश्वविद्यालयले सो कार्यक्रममा नेपालका महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाललाई छनौट गरी आमन्त्रण गरे अनुसार यो वर्ष सन् २०२३ जनवरी ९ देखि १३ सम्म बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा आयोजित कार्यक्रममा महालेखापरीक्षकले सहभागिता जनाउनुभएको थियो।

- इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) र एसियाली विकास बैङ्कद्वारा २० अक्टोबर, २०२२ मा फिलिपिन्सको मनिलामा एशिया तथा प्रशान्त क्षेत्रमा कार्यमूलक लेखापरीक्षणको सबलीकरण सम्बन्धी लिडरशिप फोरमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा महालेखापरीक्षकको नेतृत्वमा एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो। कार्यक्रममा नेपालसहित भुटान, पपुवा न्यूगिनी, मंगोलिया, बंगलादेश र फिलिपिन्स गरी ६ सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिमण्डलको नेतृत्व र इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) बीच प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको थियो।
- लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन इन्टोसाईको स्थायी संरचनाको रूपमा क्रियाशील फोरम फर इन्टोसाई प्रोफेसनल प्रोनाउन्समेन्ट नामक संस्थाद्वारा सन् २०२२ सेप्टेम्बर ५ देखि ९ सम्म डेनमार्कको कोपेनहेगनमा

आयोजना गरिएको बैठक तथा रणनीतिक योजना विकास सम्बन्धी सेमिनारमा कार्यालयको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा नेपाल सहित अमेरिका, अष्ट्रेलिया, क्यानडा, डेनमार्क, ग्वाटेमाला, बहराईन, लक्जेम्बर्ग, नर्वे, बुल्गेरिया, स्वीडेन र ट्युनिसियाका सर्वोच्च लेखापरीक्षण संस्थाका फोरम फर इन्टोसाई प्रोफेशनल प्रोनाउन्समेन्ट सदस्यको सहभागिता रहेको थियो। सो कार्यक्रममा विश्वव्यापी प्रतिस्पर्धात्मक आधारमा छनौट भएका एक नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहँदै आएको छ।

- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गत् सन् २०२२ को नोभेम्बर २५ देखि २८ सम्म इटालीको टुरिनमा सातौं अन्तराष्ट्रिय नेशनल इभालुएसन क्यापासिटीज सम्बन्धी सम्मेलनमा कार्यालयका एक नायब महालेखापरीक्षकको सहभागिता रहेको थियो। उक्त सम्मेलनमा १०० भन्दा बढी राष्ट्रका सरकारी निकाय, बहुपक्षीय तथा द्विपक्षीय संस्था, सर्वोच्च लेखापरीक्षण संस्था, मूल्याङ्कन संस्था, नागरिक संगठन लगायतका ३०० भन्दा बढी प्रतिनिधिको सहभागिता रहेको थियो। दिगो विकास लक्ष्य हासिल गर्न देखापरेका समस्या र चुनौती समाधानका लागि राष्ट्रिय मूल्याङ्कन प्रणाली उत्थानशील हुनुपर्ने सम्मेलनको निचोड रहेको ।
- लेखामानबोर्ड, नेपालको आयोजनामा १४ औं एसियन ओसेनियन स्टान्डर्ड सेटर्स ग्रुपको वार्षिक बैठक सन् २०२२ को नोभेम्बर १४ देखि १६ सम्म काठमाडौंमा आयोजना गरिएको थियो। सो बैठकमा एसियाली ओसेनियन क्षेत्रका भारत, चीन, पाकिस्तान, अष्ट्रेलिया, थाइल्याण्ड, जापान, नेपाल, साउदी अरेबिया, न्यूजील्याण्ड, फिलिपिन्स, ब्रुनाई, दुबई, हङकङ, इन्डोनेसिया, कोरिया, मकाओ, मलेसिया, माल्दिभ्स, सिंगापुर, श्रीलङ्का र भियतनाम गरी २१ सदस्यहरू उपस्थित रहेका थिए। यसले मुख्यतः उच्च गुणस्तरीय वित्तीय प्रतिवेदनको विकास तथा विश्वव्यापी लेखा मानदण्ड निर्धारणमा एसिया तथा ओसेनियन क्षेत्रको संलग्नता बढाउने कार्य गर्दछ। उक्त बैठकमा नेपालका महालेखापरीक्षकबाट प्रमुख अतिथिको रूपमा भाग लिइएको थियो। सो अवसरमा महालेखापरीक्षकबाट वित्तीय अवस्थाको यथार्थ चित्रण गरी पारदर्शिता प्रवर्द्धन गर्न लेखा मानदण्डको महत्त्व प्रकाश पारिएको थियो। सो बैठक कार्यक्रममा कार्यालयको तर्फबाट नेपाल लेखामान बोर्डमा प्रतिनिधित्व गर्नुहुने एक नायब महालेखापरीक्षक र एक निर्देशकको सहभागिता रहेको थियो।
- इण्टोसाई डेभलपमेण्ट इनिसिएटिभ (आईडीआई) र एसियाली विकास बैङ्कद्वारा फिलिपिन्सको मनिलामा सन् २०२३ को मार्च ६ देखि १० सम्म आयोजित कार्यमूलक लेखापरीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय कार्यशालामा महालेखापरीक्षकको कार्यालयको सहभागिता रहेको थियो। गुणस्तरीय कार्यमूलक लेखापरीक्षणको माध्यमबाट सार्वजनिक क्षेत्रको सुशासन र सेवा प्रवाहमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूले उल्लेख्य र प्रभावकारी भूमिका खेल्न सक्ने तथ्यलाई मन नगरी कार्यमूलक लेखापरीक्षणलाई थप सबल र प्रभावकारी बनाउन उक्त कार्यशालालाई उपयुक्त अवसरका रूपमा लिएको थियो। सो कार्यक्रममा कार्यालयको तर्फबाट १ नायब महालेखापरीक्षक सहजकर्ताको भूमिकामा एवं ३ जना निर्देशक र १ लेखापरीक्षण अधिकारीको प्रशिक्षार्थीको रूपमा सहभागिता थियो। कार्यक्रममा नेपालसहित भुटान, पपुवा न्यूगिनी, बंगलादेश, मंगोलिया र फिलिपिन्सका सर्वोच्च लेखापरीक्षण संस्थाका कर्मचारीहरू संलग्न रहेका थिए।
- संयुक्त राष्ट्रसंघीय लागू औषध तथा अपराध नियन्त्रण कार्यालय (यूएनओडीसी) द्वारा सन् २०२३ को मार्च १४ देखि १६ सम्म थाइल्याण्डको बैंककमा आयोजित सर्वोच्च लेखापरीक्षण संस्था र भ्रष्टाचार नियन्त्रण संस्थाबीचको सहकार्यमा अभिवृद्धिसम्बन्धी क्षेत्रीय कार्यशालामा कार्यालयको सहभागिता रहेको थियो। उक्त कार्यशालामा विभिन्न मुलुकका सर्वोच्च लेखापरीक्षण संस्था र भ्रष्टाचार नियन्त्रणसम्बन्धी संस्थाहरू सहभागी भएका थिए। बैठकमा कार्यालयका एक नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहेको थियो।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) द्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत सर्वोच्च लेखापरीक्षण संस्थाहरूको लागि दूर लेखापरीक्षणको भविष्य एवं चुनौती विषयको दोस्रो तथा तेस्रो बैठक क्रमशः २७ अक्टोबर, २०२२ र ५ अप्रिल, २०२३ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। उक्त कार्यक्रममा चीन, भारत, इन्डोनेसिया, फिलिपिन्स, थाइल्याण्ड, ब्रुनाई, नेपाल सहित १७ एसोसाई सदस्य राष्ट्रको सहभागिता रहेको थियो। बैठकमा कार्यालयका एक निर्देशकको प्रतिनिधित्व रहेको थियो।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) ले सुशासन अभिवृद्धिमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणको भूमिका विषयक कार्यक्रम २८ फेब्रुअरी, २०२३ मा भर्चुअल माध्यमबाट सम्पन्न गरेको थियो। उक्त कार्यक्रममा कार्यालयले ४ जना नायब महालेखापरीक्षक र १ निर्देशकलाई सहभागी गराएको थियो।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को वातावरणीय लेखापरीक्षण सम्बन्धी कार्यसमूहको सचिवालयले कार्बन कटौती लेखापरीक्षण विषयको कार्यक्रम ६ डिसेम्वर, २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न गरेको थियो। उक्त कार्यक्रममा कार्यालयले १ नायब महालेखापरीक्षक, ३ निर्देशक र ५ जना लेखापरीक्षण अधिकारीलाई सहभागी गराएको थियो।

## १४. लेखापरीक्षण नतिजा

१४.१. **लेखापरीक्षण नतिजा सम्प्रेषणः** इन्टोसाई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरूलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षभरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कर्तव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।




१४.२. **लेखापरीक्षण नतिजा सार्वजनिकः** यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकाय, १ हजार २१८ प्रदेश मन्त्रालय तथा निकाय, वर्षको बक्यौता २ समेत ७५१ स्थानीय तह, ४३४ विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत र ७५ संगठित संस्थाको लेखापरीक्षण सम्पन्न गरी २०७९ चैत्र ३० गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको साठीऔं वार्षिक प्रतिवेदन पेस गरिएको छ। त्यस्तै प्रदेश सरकारको लेखापरीक्षण वार्षिक प्रतिवेदन सोही दिन सातै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष पेस

गरिएको छ । उक्त वार्षिक प्रतिवेदनहरू यस कार्यालयको वेबसाइट www.oag.gov.np मा राखिएको छ ।

**लेखापरीक्षण गरिएका निकायको विवरण**

| *लेखापरीक्षण गरिएका निकाय र विषय* | *संख्या* | *(रू. करोडमा)* |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | | |
| १. संघीय मन्त्रालय तथा निकाय (बक्यौता १६ समेत) | ४०६८ | २३५६३४ |
| २. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता ६ समेत) | १२१८ | ३१२७३ |
| ३. स्थानीय तह (बक्यौता २ समेत) | ७५१ | ११०४०१ |
| ४. समिति र अन्य संस्था (प्रदेशतर्फको ९६ समेत) | ४३४ | १८२२२ |
| ५. संगठित संस्था | ७५ | ३१८२८७ |
| (ख) कार्यमूलक लेखापरीक्षण ६ | - | - |
| (ग) वातावरणीय लेखापरीक्षण १ | - | - |
| (घ) सूचना प्रविधि लेखापरीक्षण १ | - | - |
| **जम्मा** | *६५४६* | *७१३८१७* |

## १५. वित्तीय तथा परिपालना लेखापरीक्षण

१५.१. यो वर्ष ४ हजार ६८ संघीय मन्त्रालय तथा निकायको रू.२३ खर्ब ५६ अर्ब ३४ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार २१८ को रू.३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५३ मध्ये ७४९ र गत वर्षको बक्यौता २ समेत ७५१ को रू.११ खर्ब ४ अर्ब १ करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४३४ को रू.१ खर्ब ८२ अर्ब २२ करोड र संगठित संस्था ७५ को रू.३१ खर्ब ८२ अर्ब ८७ करोडसमेत रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ।

१५.२. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ७२ अर्ब ४५ करोड १३ लाख रहेको छ ।

(रू. लाखमा)

| *क्र.स.* | *विवरण* | *गत वर्षसम्म* | *यस वर्ष थप/ घट* | *अद्यावधिक रकम* |
|---|---|---|---|---|
| १ | *लेखापरीक्षण बक्यौता (प्रदेश समेत)* | ६९६०८ | ८४२२ | ७८०३० |
| २ | *राजस्व बक्यौता* | ३१२६१०६ | १३१२२२ | ३२५७३२८ |
| ३ | *शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान* | ११५६९८ | ३४९०८ | १५०६०६ |
| ४ | *शोधभर्ना लिन बाँकी वैदेशिक ऋण* | १२३६९१ | ९४३५८ | २१८०४९ |
| ५ | *जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज* | २०५०० | ० | २०५०० |
| | **जम्मा** | **३४५५६०३** | २६८९१० | ३७२४५१३ |

उक्त रकममा अद्यावधिक बेरुजू रू. ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख पुगेको छ। कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता तथा बेरुजू रकम मुख्य कारण रहेको देखिन्छ।

१५.३. **बेरुजू स्थिति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित

वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू रू.१ खर्ब १९ अर्ब ७७ करोड ७० लाख रहेको छ। सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

*(रकम रू. लाखमा)*

| वर्गीकरण | संघीय सरकारी कार्यालय | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति/ अन्य संस्था | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **११९८१४** | **७५१४** | **५९०५७** | **४५८७८** | **३०४२६३** | **२५.४०** |
| **२. नियमित गर्नुपर्ने** | **३३७८९५** | **५२४४४** | **३२४६१२** | **७९५६८** | **७९४५१९** | **६६.३३** |
| २.१ अनियमित भएको | ३७३४७ | १८०१७ | ११७८६९ | २५५४७ | १९८७८० | १६.६० |
| २.२ प्रमाण कागज पेस नभएको | २९७९१७ | ३४४२७ | २०६५५९ | ५२२१७ | ५९११२० | ४९.३४ |
| २.३ जिम्मेवारी नसारेको | ० | ० | ० | ० | ० | ०.०० |
| २.४ शोधभर्ना नलिएको | २६३१ | ० | १८४ | १८०४ | ४६१९ | ०.३९ |
| **३. पेस्की** | **३३४००** | **१२०९२** | **४५१४०** | **८३५६** | **९८९८८** | **८.२७** |
| **जम्मा बेरुजू** | **५६३१०९** | **७२०५०** | **४२८८०९** | **१३३८०२** | **११९७७७०** | **१००.००** |

***द्रष्टव्यः*** *१. उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन ।*

*२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

१५.४. **मन्त्रालयगत बेरुजूः** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रकम रु. लाखमा)

| क्र.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १ | अर्थ | १६३६१६३८ | ८७०५९ | २३७५४७ | ८१ | ३२४६८८ | ५७.६६ | १.९८ |
| २ | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था | १२०९६६४ | २९३५६ | ४०५८८ | १८०३० | ८७९७४ | १५.६२ | ७.२७ |
| ३ | सञ्चार तथा सूचना प्रविधि | १४४५१० | २६१६१ | २५८ | ६४० | २७०५८ | ४.८१ | १८.७२ |
| ४ | कृषि तथा पशुपन्छी विकास | ३३००३३ | २४१४४ | ७११ | ५१६ | २५३७१ | ४.५१ | ७.६९ |
| ५ | गृह | १११७६२८ | १८१५ | ८९७३ | ४९१९ | १५७०८ | २.७९ | १.४१ |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५४८८७३ | ८२७० | ५०५८ | ९६ | १३४२४ | २.३८ | २.४५ |
| ७ | उर्जा, जलस्रोत तथा सिंचाइ | ४३९६१६ | १८७४ | १०१९७ | ९०१ | १२९७२ | २.३० | २.९५ |
| ८ | सहरी विकास | ४१६९२७ | २०४४ | ७६११ | १३०९ | १०९६४ | १.९५ | २.६३ |

| क्र.सं. | मन्त्रालय/निकाय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| ९ | खानेपानी | १५८४०२ | ३०२४ | ४८४५ | ९१७ | ८७८५ | १.५६ | ५.५५ |
| ९ | स्वास्थ्य तथा जनसंख्या | ५३१४४८ | ३११७ | ३५१५ | २०४२ | ८६७४ | १.५४ | १.६३ |
| १० | अन्य | २२९०४३० | ४९४९ | १८५९१ | ३९५० | २७४९१ | ४.८८ | १.२० |
| ११ | जम्मा | २३५६३३७९ | १९१८१४ | ३३७८९४ | ३३४०० | ५६३१०८ | १०० | २.३९ |
| जम्मा | | अर्थ | १६३६१६३८ | ८७०५९ | २३७५४७ | ८१ | ३२४६८८ | ५७.६६ |

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९५.१२ प्रतिशत रहेको छ। यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.३० प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी कर्णाली प्रदेशको ३.९२ प्रतिशत र सबैभन्दा घटी गण्डकी प्रदेशको १.२३ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ३.८८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी तेह्रथुम जिल्लाको आठराई गाउँपालिकामा २०.३१ प्रतिशत र सबैभन्दा घटी प्युठान जिल्लाको मल्लरानी र सरुमारानी गाउँपालिकाको बेरुजू शून्य रहेको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ५४०, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने २०५ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह ६ रहेका छन्।

- यो वर्ष ४ हजार ६८ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ९२९ कार्यालय (४७.४१ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २१५ को लेखापरीक्षण गरेकोमा ४४४ कार्यालय (३६.५४ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन।
- यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) लेखापरीक्षणबाट १ लाख ९० हजार ३८० दफा बेरुजू देखिएकोमा ६२ हजार ४०९ दफा सैद्धान्तिक र १ लाख २० हजार ६९४ दफा लगती बेरुजू कायम भएको छ।
- संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको संघीय सरकारी कार्यालयतर्फका २६ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.११ करोड ९० लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १४ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.२३ करोड ६७ लाख तथा अन्य निकायले रू.३ करोड ७६ लाख, प्रदेश सरकार मातहतका निकायले रू.८ करोड ९३ लाख र स्थानीय तहले रू.२ अर्ब १३ करोड ६९ लाखसमेत रू.२ अर्ब ६१ करोड ९५ लाख असुल गराएका छन्।
- यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१९ अर्ब १८ करोड १४ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१८ अर्ब ७३ करोड ७४ लाख (९७.६९ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.४४ करोड ४० लाख (२.३१ प्रतिशत) देखिएको छ।
- संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रू.६३ अर्ब ८८ करोड ७१ लाख बाँकी रहेकोमा यस बर्ष थप भएको रू.३ अर्ब ३४ करोडसमेत पेस्की रू.६७ अर्ब २२ करोड ७१ लाख पेस्की बाँकी रहेको छ। यस सम्बन्धी अद्यावधिक विवरण अनुसूची ८ मा छ। त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रू. ८३ करोड ५६ लाख पेस्की बाँकी देखिएको छ।

१५.५. **तुलनात्मक बेरुजू स्थितिः** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू. करोडमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत |
|---|---|---|---|
| अन्ठाउन्नौं | १५,५५,८१ | ४४,३९ | २.८५ |
| उनन्साठीऔं | २८,२०,३८ | ४९,४७ | १.७५ |
| साठीऔं | २३,५६,३४ | ५६,३१ | २.३९ |

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू गत वर्ष १.७५ प्रतिशत रहेकोमा यो वर्ष २.३९ प्रतिशत रहेको छ ।

१५.६. **बेरुजू फस्यौंटः** यो वर्ष बेरुजू फस्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

| *विवरण/इकाइ* | *प्रारम्भिक प्रतिवेदन* | | *प्रतिक्रियाबाट फस्यौंट* | | *यस वर्षको फस्यौंट हुन बाँकी* | |
|---|---|---|---|---|---|---|
| | *दफा* | *रकम* | *दफा* | *रकम* | *दफा* | *रकम* |
| *संघीय सरकारी कार्यालयहरू* | *२७०२२* | *६१५१३०* | *१२५२* | *५२०२१* | *२५७७०* | *५६३१०९* |
| *प्रदेश सरकारी कार्यालयहरू* | *९९७०* | *७४५३८* | *५७०* | *२४८८* | *९४००* | *७२०५०* |
| *स्थानीय तह* | *९०८२९* | *४६६७७२* | *५३०५* | *३७९६३* | *८५५२४* | *४२८८०९* |
| *अन्य संस्था समिति (प्रदेश समेत)* | *७४४९* | *१३९१३६* | *३०५* | *५३३४* | *७१४४* | *१३३८०२* |
| *जम्मा* | *१३५२७०* | *१२९५५७६* | *७४३२* | *९७८०६* | *१२७८३८* | *११९७७७०* |

१५.७. **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।

## १६. कार्यमूलक तथा विशेष लेखापरीक्षण

वित्तीय लेखापरिक्षणको अतिरिक्त यो वर्ष सार्वजनिक ऋण व्यवस्थापन, दूरसञ्चार पूर्वाधार व्यवस्थापन, आयोजना छनौट र प्राथमिकीकरण, निर्णय तहमा महिला सहभागिता, सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम र सार्वजनिक खरिद व्यवस्थापनसमेत ६ विषयको कार्यमुलक लेखापरीक्षण गरिएको, बहुपक्षीय वातावरण सम्झौताको कार्यान्वयनको विषयमा वातावरणीय लेखापरीक्षण भएको छ । त्यसैगरी प्रदेश सरकार तथा स्थानीय तहको ५ वर्षको कार्यसम्पादनको विशेष लेखापरीक्षण भएको छ भने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको सूचना प्रविधि लेखापरीक्षण भएको छ ।

## १७. सुधारका क्षेत्रहरू

मुलुकको विकास र समृद्धिको लागि गुणस्तरीय सार्वजनिक सेवा, सबल अर्थतन्त्र निर्माण, प्रभावकारी शासकीय प्रबन्ध, कुशल वित्त व्यवस्था, नतिजामूलक विकास व्यवस्थापन, समयानुकूल कानुन र संरचना तथा दक्ष जनशक्ति हुन आवश्यक छ। यसका लागि सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता र

निष्ठा प्रवर्द्धन गरी सीमित स्रोत साधनको समुचित परिचालन गर्न विविध पक्षहरूमा सुधार गर्नुपर्ने विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

## शासकीय प्रबन्ध

१. **नीति तथा कार्यक्रम र कानुन**

१.१. संविधान कार्यान्वयनमा आएको लामो समय व्यतित हुँदा पनि अत्यावश्यक कानुन बन्न बाँकी रहेका छन्। त्यस्ता अत्यावश्यक कानुन तर्जुमा वा संशोधन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१.२. सरकारको नीति तथा कार्यक्रममा प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी सोही अनुरूप कार्यसम्पादन गर्नुपर्दछ। संविधानले तीन तहलाई प्रदान गरेको अधिकार सूचीअनुसार कार्यसम्पादन गर्दा समन्वय र सहकार्य गर्नुपर्दछ।

१.३. संघ र प्रदेशबीचको संगठन संरचनामा दोहोरोपन रहेको छ। संगठनात्मक स्वरूपमा परिवर्तन हुनुका साथै जिम्मेवारी र जवाफदेहिता वहनमा समेत समस्या देखिएकोले सोमा सुधार हुनुपर्दछ। सरकार परिवर्तन सँगै नीति तथा कार्यक्रमको प्राथमिकतामासमेत फरक भई कार्यान्वयनमा समस्या आएकोले नीतिगत स्थिरता हुनुपर्दछ।

१.४. न्यायिक निकायमा किनारा लगाउनुपर्ने मुद्दाको संख्या उच्च रहेको देखिँदा आवश्यक जनशक्ति, भौतिक पूर्वाधार तथा वित्तीय श्रोत उपलब्ध गराइ रणनीतिक योजनाअनुसार मुद्दा फर्स्यौटको व्यवस्था मिलाउनुपर्दछ।

१.५. विभिन्न वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्ने विषयगत संवैधानिक आयोगहरूमा स्रोत साधनको उचित व्यवस्था गरी ती आयोगका कामकारबाही प्रभावकारी बनाउनुपर्दछ।

१.६. संवैधानिक निकायहरूलाई कार्यात्मक, वित्तीय र प्रशासनिक स्वायत्तता दिई प्रभावकारी बनाउनु पर्दछ। साथै संवैधानिक निकायले दिएका निर्देशन तथा सुझावहरूको कार्यान्वयन हुनुपर्दछ।

१.७. नियमनकारी निकायहरूलाई तोकिएको जिम्मेवारी प्रभावकारी बनाईनु पर्दछ, सार्वजनिक तथा स्वायत्त संस्थाले नीति, कानुन र कार्यक्रम तर्जुमा गरेर कार्य योजना बनाई कार्यसम्पादन गर्नुपर्दछ।

१.८. शासन सञ्चालनमा सरकार, निजी क्षेत्र र नागरिक समाज तथा सरोकारवालाहरूको सहकार्य र साझेदारीको सुनिश्चितता हुनुपर्दछ। विकास निर्माण, सेवा प्रवाह तथा अन्य कार्यक्रम सञ्चालनमा सबै पक्षको संलग्नता हुने वातावरण तयार गर्नुपर्दछ।

२. **संघीयता कार्यान्वयन -** मुलुकका तीन वटै तहका सरकारबाट सम्पादन हुने विकास निर्माणका कार्यमा स्रोत परिचालन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन निम्न सुधार गर्नुपर्ने देखिन्छः

२.१. संघ, प्रदेश र स्थानीय तहले संविधान प्रदत्त अधिकारसूची अन्तर्गत रहेर कानुन बनाउने, बजेट बनाउने, निर्णय गर्ने तथा नीति तथा योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२.२. विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा स्थानीय तहबाट आयोजना र कार्यक्रमको विभाजन तथा कार्यान्वयन हुनुपर्दछ। संविधानमा उल्लिखित साझा अधिकारका विषयहरूमध्ये प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरूसमेत संघ र प्रदेशले राख्ने गर्दा सडक, सिँचाइ, कृषि, पशु, वन, स्वास्थ्य लगायतका विषयगत

क्षेत्रहरूको कार्यक्रम कार्यान्वयनमा देखिने गरेको दोहोरोपना हटाउनुपर्दछ। अन्तरप्रदेशमा सञ्चालन हुने परियोजना सञ्चालन गर्दा तीनै तहबीच समन्वय हुनुपर्दछ।

२.३. संघ, प्रदेश तथा स्थानीय तहबीच कुनै विवाद भएमा समयमै राष्ट्रिय समन्वय परिषद्बाट समाधान गर्ने व्यवस्था मिलाउनुपर्दछ। प्राकृतिक स्रोतको प्रयोग गर्दा लाभको वितरण समन्यायिक, सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्दछ।

२.४. प्रदेश र स्थानीय तहको आन्तरिक आय र खर्च आवश्यकता बीचको अन्तर पुरा गर्न स्थानीय सरकारलाई राजस्वको दायरा बढाउन प्रोत्साहित गर्नुको साथै साझा अधिकारअन्तर्गत राजस्व सङ्कलनको लागि समुचित समन्वय गरिनुपर्दछ।

२.५. प्रदेश र स्थानीय तहमा हस्तान्तरित भएका स्रोतगत कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गर्ने प्रणालीको विकास गरी निरन्तररूपमा आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्दछ।

२.६. प्रदेश तथा स्थानीय तहबाट भएको प्रशासनिक खर्चलाई मितव्ययी बनाउन, पदाधिकारी र कर्मचारीका सुविधा, सवारीसाधन, इन्धन, बैठक भत्ता, अनुगमनलगायतमा हुने खर्चमा नियन्त्रण गर्न, प्रदेश र स्थानीय तहको खर्चसम्बन्धी व्यवस्थामा एकरूपता कायम गरी प्रतिफलमुखी बनाउन खर्चसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **प्रदेश सरकारको कार्यसम्पादनः** प्रदेशको कार्यसम्पादन तथा वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार गरिनुपर्दछः

३.१. प्रदेश सरकारको कार्यसम्पादनलाई व्यवस्थित बनाउन आवश्यक कानुन, छरितो संगठन संरचना र आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु पर्दछ।

३.२. आवधिक योजना र प्रादेशिक वार्षिक बजेटबीचको तार्दाम्यता कायम गर्न मध्यमकालीन खर्च संरचनाको कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

३.३. प्रदेश मन्त्रालय तथा कार्यालयहरूको संरचनालाई चुस्त र छरितो बनाई सेवाप्रवाह प्रभावकारी बनाउनुपर्दछ। विकास निर्माणका क्रियाकलापहरू मन्त्रालय आफैंले सञ्चालन गर्ने कार्यलाई निरुत्साहित गर्दै नीति, योजना, कानुन तथा मापदण्डको निर्माण तथा सोको कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा केन्द्रित हुनुपर्दछ।

३.४. प्रदेशबाट प्रदान हुने सेवा प्रवाहलाई छिटो छरितो तथा मितव्ययी बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रथामिकता दिनुपर्दछ। सेवा प्रवाहलाई कम लागत र समयमा प्रदान गर्ने गरी संरचनागत तथा कार्यप्रणालीगत सुधार गर्नुपर्दछ।

३.५. संघ, प्रदेश र स्थानीय तहबाट हुने वा भइरहेका कार्यहरूमा दोहोरोपना हुन नदिन स्पष्ट कार्यक्षेत्र विभाजन गरी कार्यसम्पादन गर्नुपर्दछ।

३.६. प्रदेश लोक सेवा आयोगहरूको प्रभावकारिता अभिवृद्धि गरी प्रदेश र स्थानीय तहमा समयमै आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

४. **स्थानीय तहको कार्यसम्पादन** - स्थानीय तहको कार्यसम्पादन र वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन देहायबमोजिमको सुधार हुनुपर्दछ।

४.१. स्थानीय तह सञ्चालनको लागि आवश्यक कानुन निर्माण, नीति निर्धारण, संगठन संरचना, स्रोतको व्यवस्थापन गरी विषयगत शाखाबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा प्रत्येक स्थानीय तहको भौगोलिक अवस्था, खर्चको आवश्यकता, प्रवाह गर्नुपर्ने सेवा समेतको आधारमा दरबन्दी यकिन गरी तथा रिक्त दरबन्दी समयमै पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। स्थानीयतहका पदाधिकारी तथा कर्मचारीका सेवा सुविधा सम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

४.३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले उठाएको राजस्व र यस ऐनबमोजिम प्राप्त हुने राजस्व बाँडफाँट रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था भएकोमा कतिपय स्थानीय तहले प्रशासनिक कार्यमा बढी रकम विनियोजन गर्ने गरेकोले सोमा नियन्त्रण हुनुपर्दछ।

४.४. दिगो विकास लक्ष्य, संघीय आवधिक योजना र प्रादेशिक आवधिक योजनासँग सामञ्जस्य हुने गरी स्थानीय स्तरमा आवधिक योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ।

४.५. अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना/कार्यक्रम छनोट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी उत्पादनमूलक तथा स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्ने प्रतिफलमुखी योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४.६. स्थानीय तहको वित्तीय लेखाङ्कनमा प्रयोग भएको सुत्र सफ्टवेयरमा थप परिमार्जन गरी सबै पालिकाले पूर्णरूपमा प्रयोग गर्ने, लेखा राख्ने जनशक्तिको क्षमतासमेत अभिवृद्धि गरी उक्त प्रणालीबाट तयार हुने वित्तीय प्रतिवेदनले स्थानीय तहको सबै कारोबार समेटी यथार्थ चित्रण गर्न सक्ने बनाउनुपर्दछ।

४.७. स्थानीय तहमा स्थानीय नेतृत्व तथा जनशक्तिलाई समग्र कानूनी व्यवस्था तथा सेवा प्रवाह सम्बन्धी तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्नुपर्दछ।

४.८. स्थानीय तहमा महालेखापरीक्षकको कार्यालयबाट जारी भएको प्रतिवेदन उपर प्रचलित कानुनबमोजिम गाउँ सभा वा नगरसभामा प्रस्तुत हुने र लेखा समिति गठन गरी बेरुजू छलफल एवं फस्यौंट गर्ने व्यवस्था छ। सभाका पदाधिकारी तथा पालिकाका कर्मचारीबाट सम्पादन भएको कार्य उपर देखिएको बेरुजूका सम्बन्धमा सभाबाट फस्यौंट गर्दा स्वार्थ नबाझिने सुनिश्चित गरी आवश्यक नीतिगत एवं कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ।

४.९. स्थानीय तहको आन्तरिक लेखापरीक्षण व्यवस्थालाई स्वतन्त्र, विश्वसनीय र प्रभावकारी बनाई सबै स्थानीय तहको लेखापरीक्षण समयमै गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

## अर्थतन्त्र

५. **आत्मनिर्भर अर्थतन्त्र निर्माण -** नेपालको संविधानले निर्देशित गरेको राज्यको आर्थिक उद्देश्य हासिल गर्न देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

५.१. कृषिका लागि उन्नत बीउबिजन र पर्याप्त सिँचाइको व्यवस्था हुन नसकेको, समयमा मल प्राप्त नभएको तथा कृषिमा नवीन प्रविधिको प्रयोगको कमीले कृषिजन्य वस्तुको उत्पादनले राष्ट्रिय मागलाई पूर्ति गर्न नसकी कृषिजन्य वस्तुको आयात प्रत्येक वर्ष बढ्दै गएकोले कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने गरी रणनीति र कार्यनीति तयार गरी लागू गर्नुपर्दछ।

५.२. वातावरणमैत्री कृषि कार्यक्रमको विकास गरी सीमित रहेको कृषियोग्य भूमिको व्यावसायिक उत्पादनमा जोड दिई अर्गानिक कृषि प्रणालीको विकासबाट ग्रामीण पर्यटनलाई पर्या पर्यटनसँग आबद्ध गर्नुपर्दछ।

५.३. राष्ट्रिय हित सुनिश्चित गरेर मात्र प्रत्यक्ष वेदेशिक लगानी तथा वैदेशिक पुँजी र प्रविधि भित्र्याउने व्यवस्था गर्नुपर्दछ।

५.४. औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरूको पहिचान गरी अर्थतन्त्रको दायरामा ल्याई यसको क्षेत्र व्यापक बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ। सार्वजनिक, निजी र सहकारीक्षेत्रको सहभागितामार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउनुपर्दछ।

५.५. अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुन गैरहेको सन्दर्भमा स्तरोन्नति पश्चात् कम विकसित राष्ट्रको रूपमा नेपालले पाइरहेको व्यापार सहजीकरण तथा कोटा सुविधा अन्त्य हुने भएकाले सोको असर न्यूनीकरणका लागि लगानीमैत्री वातावरण सिर्जनामार्फत व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजी क्षेत्रको व्यवसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने व्यवस्था गर्नुपर्दछ।

५.६. कसुरजन्य सम्पत्तिको शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी रोक्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्ने देखिएको छ।

५.७. अर्थतन्त्रलाई सुदृढ गर्न पेट्रोलियम पदार्थलाई विस्थापित गरी विद्युतीय सवारी साधन तथा विद्युतीय सामानहरूको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने र सर्वसाधारणलाई विद्युत खपतमा महसुल समायोजन गर्ने जस्ता नीति लिनुपर्ने देखिन्छ।

५.८. अर्थ मन्त्रालय तथा राजस्वसँग सम्बन्धित नियमनकारी निकायमा अर्थतन्त्र तथा वित्त व्यवस्थापनमा ज्ञान, दक्षता र अनुभव रहेकालाई परिचालन गरिनुपर्दछ।

६. **उद्योग तथा व्यापार** - राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न आवश्यक रणनीति तथा कार्यनीति लागू गरी बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्नुपर्दछ।

६.१. राष्ट्रिय उद्योगधन्दा र सामाजिक, आर्थिक रुपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन गर्नुपर्दछ।

६.२. अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित राष्ट्रिय उद्योग धन्दाको संरक्षण र प्रवर्द्धन गर्नुपर्दछ। यसका लागि निर्यात प्रवर्द्धन हुने गरी वस्तु तथा सेवाको मूल्य अभिवृद्धि गराई आयात व्यवस्थापन गर्नुपर्दछ।

६.३. अर्थतन्त्रको बलियो आधार स्थानीय अर्थतन्त्र भएकोले आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने, उच्च मूल्य अभिवृद्धि हुने, स्थानीय उत्पादनको लागि परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको लागि वित्तीय उत्प्रेरणासहितको उत्पादन वृद्धिमा जोड दिने नीति तथा कार्यक्रम ल्याउनुपर्दछ।

६.४. वैदेशिक मुद्रा आर्जनको स्रोतमा आशातीत विस्तार हुन नसकेको र बढ्दो आयातको अवस्थाले शोधनान्तर स्थितिमा चाप पर्न गएकोले व्यापार घाटालाई वाञ्छित सीमाभित्र राख्ने गरी वित्तीय तथा मौद्रिक नीति लागू गर्नुपर्दछ।

६.५. लगानी वातावरणको लागि उपयुक्त कानूनी पूर्वाधारको जरुरत हुन्छ। यसका लागि औद्योगिक नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, दामासाही सम्बन्धी कानुन, कम्पनी कानुन, उपभोक्ता हित संरक्षण कानुन, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय तथा बीमा सम्बन्धी कानुन, सार्वजनिक निजी साझेदारीसम्बन्धी कानुन, भन्सार ऐन, अन्तःशुल्क ऐन, सालबसाली आर्थिक ऐन, आयकर ऐन र वन तथा वातावरण सम्बन्धी कानुनलगायतका अन्य कानुनको पुनरावलोकन गरी बृहत् आर्थिक सुधारको थालनी गर्नुपर्दछ।

७. **वित्तीय तथा मौद्रिक नीतिको कार्यान्वयन** - वित्तीय र मौद्रिक नीतिको कार्यान्वयन सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

७.१. अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह, ऋण भुक्तान गर्न पुनर्कर्जा, छोटो अन्तरालमा कर्जा विस्तार, घट्दो पुँजीगतखर्च, वैदेशिक सहायताको न्यून परिचालन लगायतका कारण तरलतामा संकुचन आई ब्याजदरमा उच्च वृद्धि भएको छ। ब्याजदर बढ्दा मुद्राको लागत महङ्गो हुन गई सो को प्रत्यक्ष असर उत्पादन र सेवा लागतमा पर्न गई महङ्गीको भार उपभोक्ताले व्यहोर्नु परेको छ। कर्जा र निक्षेप अनुपातको प्रभावकारी अनुगमन गरी निक्षेपमा दिइने ब्याज एवं ऋणको ब्याज तथा अतिरिक्त प्रिमियमले अर्थतन्त्रका अन्य क्षेत्रहरूमा पार्ने प्रभाव अध्ययनलगायत निश्चित मापदण्ड बनाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७.२. बजारमा तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले प्रचलित बजारदर भन्दा कम ब्याजदरमा स्टान्डिङ्ग लिक्विडिटी फेसिलिटी दिएपछि बैङ्कले सो सुविधा तोकिएको कार्यभन्दा अन्यत्र प्रयोग गरेको, कोभिड-१९ को असरबाट राहतस्वरूप निश्चित व्यवसायीलाई सहुलियत दरमा पुनर्कर्जा दिएकोमा सोको किस्ता र ब्याज असूल नहुँदा तरलताको समस्या समाधान हुन नसकेको अवस्था छ। यस सम्बन्धमा नीतिगत सुधार गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

७.३. उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट सूचना आदान प्रदान गरी कर सूचना सञ्जाल स्थापना गर्नुपर्दछ। कर निर्धारणसम्बन्धी विवादलाई समयमै निरूपण तथा समाधान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यकता र असल अभ्याससमेतका आधारमा कानूनी र संरचनागत व्यवस्था गर्नुपर्दछ।

७.४. गैरकर राजस्वलाई लागत प्रभावी बनाई राजस्व वृद्धिका लागि करका दरहरूलाई समयानुकूल पुनरावलोकन गर्दै हालको विद्यमान नीतिगत तथा संरचनागत व्यवस्थामा एकीकृत तथा परिमार्जन गरी गैरकर प्रशासन सम्बन्धी छुट्टै कानूनी व्यवस्था हुनुपर्दछ।

८. **संस्थान व्यवस्थापन -** सार्वजनिक संस्थानको वित्तीय व्यवस्थापनमा देहायअनुसारका सुधार गर्नुपर्दछः

८.१. सार्वजनिक संस्थानको प्रभावकारी एबं व्यावसायिक तवरले सञ्चालनका लागि छाता नीति तर्जुमा गरी कार्यन्वयनमा ल्याउने व्यवस्था गर्नुपर्दछ। साथै सोही अनुरूपको एकीकृत कानुन, तथा प्रत्येक संस्थानको रणनीतिक योजना तथा व्यावसायिक कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्नुपर्दछ।

८.२. संस्थानको सान्दर्भिकता विश्लेषण गरी सरकारी संलग्नता कायम रहनुपर्ने, सार्वजनिक नीजि साझेदारीमा सञ्चालन गर्नुपर्ने, व्यवस्थापन करार दिने, निजी क्षेत्रलाई सञ्चालन गर्न दिने, एकअर्कामा गाभ्ने वा खारेज गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्दछ। आधारभूत सेवा उपलब्ध गराउने बाहेक अन्य संस्थामा रहेको निश्चित प्रतिशत शेयर क्रमशः विनिवेश गर्दै जाने, रणनैतिक साझेदार सहभागी गराउने गरी व्स्थापकीय कार्यकुशलता अभिवृद्धि गर्नुपर्दछ।

८.३. संस्थान सञ्चालक समितिमा व्यवसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र व्यवसायिक कार्य योजनाको आधारमा प्रतिस्पर्धा गराई कार्यकारी प्रमुखको नियुक्ति गर्ने र कार्यकारी प्रमुखसँग कार्य सम्पादन करार गरी वार्षिक कार्यसम्पादन मूल्याङ्कनका आधारमा निरन्तरता दिने वा नदिने व्यवस्था मिलाउनुपर्दछ।

८.४. सार्वजनिक संस्थानमा सरकारले गरेको शेयर तथा ऋण लगानी, ब्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ। वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज समयमै भुक्तानी गर्नुपर्दछ। निजीकरण गरिएका संस्थानसँग लामो समयदेखि उठाउन बाँकी रहेको भाडा तथा लिज रेन्ट समयमै ताकेता गरी कानुनबमोजिम शुल्क, ब्याज तथा हर्जानासहित असुल गर्नुपर्दछ।

८.५. संस्थानमा आर्थिक अनुशासन कायम गर्न नेपाल वित्तीय प्रतिवेदनमान पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई समयमै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र लेखापरीक्षणबाट देखिएका व्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८.६. सार्वजनिक संस्थानको स्वामित्वमा भएका जग्गा, जमिन, भवनलगायतका सम्पत्तिको उचित संरक्षण र उपयोग गर्दै सोको व्यवस्थित अभिलेख राखी नियमित प्रतिवेदन गर्नुपर्दछ।

८.७. संस्थानको सञ्चालन खर्चलाई वाञ्छित सीमाभित्र राख्न उपयुक्त नियन्त्रण पद्धति अवलम्बन गर्नुपर्दछ। व्यावसायिक कार्ययोजना, कार्यक्षेत्र, कार्यबोझ र प्रविधिमा आएको परिवर्तनसँगै संस्थानको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ। कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य विवरण एवं प्रमुख कार्यसम्पादन सूचकका आधारमा कर्मचारीको मूल्याङ्कन गरी वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८.८. निजीकरण गरिएका संस्थानमा समाधान हुन नसकेका विवाद निरूपण गर्नुपर्दछ। निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ। खारेज भएका वा सञ्चालनमा नरहेका संस्थानको मेसिनरी औजार, जग्गा, भवन, तथा उपकरणको लगत लिई उपयोगको व्यवस्था गर्नुपर्दछ।

## सार्वजनिक वित्त व्यवस्थापन

९. **बजेट तथा कार्यक्रम -** स्रोत साधनको कुशल बाँडफाँट गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

९.१. बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोहीअनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनको लागि समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवं खर्च गर्ने परिपाटी उपर नियन्त्रण गरी त्रैमासिक सन्तुलन कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९.२. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोष खडा गरी संसदीय निगरानीबेगर खर्च गरेकोमा हाल प्रदेश सरकार र स्थानीय तहले समेत विभिन्न कोषको स्थापना गरी सञ्चालन गरेका छन्। कोष खडा गरी बजेट प्रणाली बाहिरबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

९.३. पूर्व तयारी चरणमा गर्नुपर्ने कार्य सम्पन्न नभएका आयोजनामा बजेट विनियोजन गर्ने एवं बजेट खर्च हुन नसक्ने अवस्थामा समेत खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा रकम ट्रान्सफर गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

९.४. सामाजिक सुरक्षा भत्ता, निवृत्तिभरण रकम, शिक्षकलगायतको योगदानमा आधारित पेन्सन योजना कार्यन्वयनमा नभएकोले पर्ने थप आर्थिक भार, सम्झौता तथा कानूनी निर्णयबाट सिर्जित दायित्वका साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवेशलाई विचार गरी आइपर्न सक्ने जोखिमहरूको पहिचान एवं विश्लेषण गर्दै भविष्यमा पर्न सक्ने दीर्घकालीन दायित्व वा खर्चलाई मध्यनजर गरी बजेट तर्जुमा गर्नुपर्दछ । दीर्घकालीन नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता ल्याउनुपर्दछ ।

९.५. बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने सबै कार्यक्रम र योजना समावेश गर्नुका साथै आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रमको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्ने प्रक्रिया बन्द गरिनुपर्दछ।

९.६. योजना छनोट अपेक्षित रूपमा सहभागितामूलक नरहेको, बढी महत्वाकांक्षी भएको र कार्यान्वयन पक्षमा पर्याप्त ध्यान नपुगेको, अन्तर क्षेत्रगत सामञ्जस्यता कायम नभएको जस्ता समस्याको सम्बोधन गर्ने पद्धति र प्रणालीको विकास हुनपर्दछ।

९.७. आन्तरिक आयको उपलब्धताको अनुपातमा तीन तहकै सरकारले लोकप्रिय र ठूलो आकारमा बजेट बनाउन अधिक मात्रामा घाटा बजेट पेश गर्ने परिपाटीलाई वाञ्छित सीमाभित्र ल्याउन स्रोत र साधनको प्राप्ति र उपयोगमा तालमेल मिलाउने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरी कार्यान्वयनयोग्य बजेट निर्माण गर्नुपर्दछ।

९.८. पहुँचका आधारमा योजना तथा कार्यक्रम बजेटमा राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्न उपलब्ध वित्तीय स्रोतको न्यायोचित वितरण हुने गरी मानव विकास तथा विकास निर्माणका सूचकाङ्कका आधारमा बढी प्रतिफल प्राप्त हुने वा तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमको विश्लेषण गरी क्षेत्रगत तथा प्रदेशगत समानताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

९.९. सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफललाई पारदर्शी एवं नतिजामूलक बनाउनुपर्दछ। बजेट तर्जुमा, मध्यावधि तथा वार्षिक समीक्षा तथा बजेट कार्यान्वयनसम्बन्धी पृष्ठपोषणलाई आगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ।

१०. **राजस्व परिचालन** - आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तःशुल्क लगायत राजस्व सङ्कलन एवं प्रशासनलाई व्यवस्थित गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

१०.१. अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई राजस्व परिचालनमा दक्षता अभिवृद्धि गरिनुपर्दछ।

१०.२. उत्पादनमूलक उद्योगहरूको कच्चा पदार्थको प्रतिलब्धि दर, नोक्सानी तथा जर्ती दावी गर्ने विषयहरूलाई यथार्थपरक बनाउन मापदण्ड तय गरी राजस्व परिचालनमा सुधार गर्नुपर्दछ।

१०.३. सूचना प्रविधि सफ्टवेयर निर्माण गरी निर्यात गर्ने व्यवसायलाई प्रोत्साहन गरी करको दायरामा ल्याउन सुक्ष्म निगरानी एवं सुविधाको व्यवस्था गरी करको दायरामा ल्याउनुपर्दछ।

१०.४. राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण हुन सकेको छैन। आर्थिक ऐन, विशेष ऐन, नियम, सहायता सम्झौताअन्तर्गत प्रदान गरिएको राजस्व छुट तोकिएको शर्त तथा प्रयोजनमा सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ। द्रष्टव्य, अनुसूची तथा पटके रूपमा गरिने निर्णयका आधारमा दिइने छुटको दायरा नियन्त्रण गर्नु जरुरी छ। समग्र राजस्व छुटबाट गुम्ने राजस्वको एकीकृत रकमगत विवरण र सो छुटबाट भएको अपेक्षित उपलब्धिलाई संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

१०.५. नेपालमा मात्र नभई विश्वका सबैजसो मुलुकमा कोभिड-१९ को असर सामान्य भइसकेको अवस्थामा पनि कोभिड-१९ को असरलाई न्यूनीकरण गर्न विगतमा कर, भन्सार, अन्तःशुल्क लगायतमा दिएको छुट सुविधा हालसम्म पनि कायमै रहेकोले त्यस्तो छुट सुविधामा पुनरावलोकन गरी नियन्त्रण गर्नुपर्दछ।

१०.६. कर असुली सम्बन्धमा विभिन्न कानुनमा व्यवस्था भएका तरिका, विधि र प्रक्रिया अपनाई राजस्व बक्यौता असुली गर्नुपर्दछ। समयमा कर विवरण नबुझाउने, समयमा कर नतिरी बक्यौता राख्ने करदाताहरूलाई पछिल्ला वर्षमा छुट सुविधा दिने परिपाटीको अन्त्य गरिनुपर्दछ।

१०.७. कराधारलाई दिगो र मजबुत गर्न आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वका क्षेत्रहरूको पहिचान र विस्तार गर्नुपर्दछ। भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्दछ। विश्व भन्सार संगठनका व्याख्या र वर्गीकरणलाई समयमै अद्यावधिक गरी भन्सार जाँचपास प्रणालीलाई यथार्थपरक बनाउनुपर्दछ।

१०.८. सामाजिक सञ्जाल, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाइन व्यवसायलगायत भौगोलिक सीमाविहीन स्वरूपले हुने विद्युतीय कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ। अनुसन्धानात्मक परीक्षण पद्धति बढाउँदै कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ। साथै कर परीक्षण प्रणालीलाई फेसलेस बनाउन प्रयास गर्नुपर्दछ।

१०.९. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। कर परीक्षण कार्यलाई थप स्वच्छ, मितव्ययी र सरल बनाउन कर परीक्षणको क्रममा करदातासँग सूचना विवरण माग गर्ने, जवाफ लिनेलगायतका क्रियाकलापहरू र कर निर्धारण पश्चात् तयार गरिने प्रतिवेदनहरूसमेत सूचना प्रविधि प्रणालीमा आबद्ध गर्नुपर्दछ। कर परीक्षणको अतिरिक्त नियमितरूपमा पेस भएका कर विवरणहरू योजनाबद्ध तवरले अनुगमन गर्ने र अस्वाभाविक देखिएमा सोधखोज द्रुत परीक्षणमार्फत् एवं कर निर्धारण गर्न सक्ने व्यवस्था हुनुपर्दछ।

१०.१०. राजस्वतर्फको आर्थिक विवरण स्वचालित रूपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरू स्वचालित रूपमा भिडान हुने गरी सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा स्वचालितरूपमा भिडान हुने व्यवस्था गर्नुपर्दछ।

१०.११. राजस्व प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टीकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कर निर्धारणको अनुगमन, आन्तरिक एवं समकक्षी पुनरावलोकनमार्फत् सही कर निर्धारण हुने पद्धतिको अवलम्बन गर्नुपर्दछ।

१०.१२. करदाताहरूले प्रयोग गर्ने बिलिङ्ग प्रणालीमा विभाग तथा कार्यालयहरूको पहुँच बढाई केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सबै करदाताको पहुँच पुग्ने गरी लागू गर्नुपर्दछ। साथै बजार अनुगमन र मौज्दात परीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

१०.१३. करदाताको तर्फबाट आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले न्यूनतम रूपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी सोको पालना नगर्ने लेखापरीक्षकलाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ। साथै धितोपत्र बोर्डमा दर्ता भएका एवं ठुला कम्पनीको लेखापरीक्षणमा संलग्न हुनको लागि थप योग्यताको व्यवस्था गर्नुपर्दछ ।

१०.१४.भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन, बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून आय घोषणालाई निरुत्साहन गर्ने सम्बद्ध सबै निकायसँगको सूचना आदनप्रदान गर्ने र बजारको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ।

१०.१५.साफ्टा सम्झौताका प्रावधानहरूको अध्ययन गर्ने तथा द्विपक्षीय व्यापार सम्झौताहरूको अध्ययन गरी व्यापारको लागत कम गर्ने रणनीति अख्तियार गर्नुको साथै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट लगानी गर्न आउन सक्ने सम्भाव्य देशहरूसँग द्विपक्षीय लगानी सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ। आयकर ऐन, २०५८ लागू हुनुभन्दा अगाडि भएका द्विपक्षीय कराधार सम्झौताहरू लगानी भित्र्याउन अनुकूल हुने गरी पुनरावलोकन गर्नुपर्दछ।

११. **वैदेशिक सहायता -** वैदेशिक सहायता परिचालन गर्ने तथा सो सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

११.१. उपलब्ध राष्ट्रिय स्रोतबाट राष्ट्रको खर्च धान्न नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाई प्राप्त वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चित कोषमार्फत् परिचालन गर्नुपर्दछ।

११.२. राष्ट्रिय हितअनुकूल उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धन हुने तथा उच्च प्रतिफल प्राप्त हुने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान पुग्ने क्षेत्र वा आयोजनाहरूमा मात्र विदेशी सहायता परिचालन गर्नुपर्दछ।

११.३. वैदेशिक सहायता परिचालन कार्यमा संलग्न हुने जनशक्तिको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने तथा संस्थागत संरचनाहरूलाई सबल बनाउने र संलग्न संस्थाहरूबीच समन्वय गर्नुपर्दछ।

११.४. शर्तसहितको वैदेशिक सहायता सकेसम्म स्वीकार नगर्ने नीति अख्तियार गर्नुपर्दछ। वैदेशिक सहायतामा प्राविधिक सहायताको अंश न्यून गर्दै जानुपर्दछ ।

११.५. विकास सहायताको प्रतिबद्धता र यथार्थ प्राप्ति एवं प्राप्ति र उपयोगबीच ठूलो अन्तर देखिएकाले प्रतिवद्धताअनुसार विकास सहायता प्राप्त गर्न एवं प्राप्त भएअनुसार सहायता उपयोग गर्नेतर्फ क्रियाशील हुनुपर्दछ। वैदेशिक सहायतालाई शोधभर्ना उन्मुख बनाइएकोले सो प्रकृयामा सुधार गरी वैदेशिक सहायता समयमा नै प्राप्त गरी खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११.६. वैदेशिक सहायता प्राप्तिको सुनिश्चितता भएपछीमात्र बजेटमा वैदेशिक स्रोतको रकम विनियोजन गरिनुपर्दछ।

११.७. वैदेशिक सहायता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने व्यवस्थालाई अन्त्य गरी सरकारी संरचनामार्फत् परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

११.८. वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने रकम गुमाउनुपर्ने र सरकारी स्रोततर्फ चाप पर्न जाने भएकोले समयमै शोधभर्ना प्राप्त गर्न थप प्रयास हुनुपर्दछ। प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ।

१२. **सार्वजनिक ऋण व्यवस्थापन -** अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गर्ने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१२.१. गत विगतको नवीकरणीय आन्तरिक ऋण (रोल ओभर) भुक्तानी नभएको अवस्थामा सो रकमलाई समेत चालु वर्षको लक्ष्यमा समावेश गर्नुपर्नेमा सम्बन्धित वर्षको नगदमा प्राप्त भएको रकमलाई मात्र ऋणमा गणना गरेको स्थिति छ। आन्तरिक ऋणको वास्तविक अवस्था र तरलतामा ध्यान पुर्‍याउन रोल ओभरलाई समेत सो वर्षको आन्तरिक ऋणमा गणना गर्नुपर्दछ।

१२.२. बजेटरी सहायताको वैदेशिक ऋण, तथा आन्तरिक ऋणको रकमबाट पूँजी निर्माण नहुने प्रकृतिका वितरणमुखी क्रियाकलापमा र आयोजनागत ऋण पनि अन्यत्र खर्च गर्ने प्रवृत्ति देखिएकोले यसमा नीतिगत सुधार हुनुपर्दछ।

१२.३. पुँजी निर्माण तथा उत्पादनसँग सबै ऋण आबद्ध नहुनाले ऋण विस्तारको अनुपातमा आर्थिक वृद्धि नभएको हुँदा अनुत्पादक क्षेत्रमा ऋणको प्रयोगलाई निरूत्साहित गरी ऋणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१२.४. सार्वजनिक निकायका रूपमा रहेका कोष, बोर्ड, परिषद, समिति तथा संस्थाहरूमा ठुलो मात्रामा हरेक वर्ष रहने मौज्दात रकमलाई ती निकायले वित्तीय संस्थाहरूमा न्यून ब्याजदरमा निक्षेप राख्ने तर सरकारले घाटा बजेट पूर्तिका लागि निक्षेपमा प्राप्ति हुने ब्याजदरभन्दा बढीदरमा तीनै बैङ्क तथा वित्तीय संस्थाबाट आन्तरिक ऋण लिएकोले थप आर्थिक लागत परेको अवस्था छ। सार्वजनिक कोषको बचतलाई स्रोतका रूपमा परिचालन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्दछ।

१३. **खर्च नियन्त्रण -** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छः

१३.१. सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्न चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नुपर्दछ। सार्वजनिक ऋणलाई निश्चित सीमामा राख्ने र खर्चलाई प्रतिफलसँग आबद्ध गरी व्यवस्थापन गर्नुपर्दछ।

१३.२. मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि कोष, परिषद् आयोग, बोर्डलगायतका संस्था खडा गरिएकोमा खारेज गर्ने, गाभ्ने तथा प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयनको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनुपर्दछ। साथै तीनै तहका सरकारसँग सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालय तहका सरकारी संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन संगठनात्मक सुधार गर्नुपर्दछ।

१३.३. सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा कार्यालयको आवश्यकता, कर्मचारी संख्या, कर्मचारीको स्तरसमेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ। अनुत्पादक खर्च नियन्त्रण गर्न सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनलाई कडाइका साथ लागू गर्नुपर्दछ।

१३.४. विद्यालय र विश्वविद्यालयका कर्मचारी र शिक्षक तथा स्थानीय तहका कर्मचारीहरूको लागि समेत योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नुपर्दछ।

१३.५. कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालु बजेटमा विनियोजन नगरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।

१३.६. आवश्यकताका आधारमा आर्थिक सहायता वितरण गर्न वस्तुनिष्ठ मापदण्ड बनाई सो अनुसार वितरण गर्नुपर्दछ।

१३.७. परामर्श सेवामा अधिक खर्च भइरहेको परिप्रेक्ष्यमा आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई बाह्य परामर्शदाताबाट गराउने परिपाटीको

अन्त्य गर्नुपर्दछ। साथै, परामर्श शुल्क परामर्शदाताको कार्यअवधि भन्दा कार्य सम्पादन परिमाणका आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

१४. **अनुदान -** कृषि, उद्योग तथा सेवा क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान दिने र कमजोर वर्गलाई सहायता प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छः

१४.१. तीनै तहका सरकारले कृषि क्षेत्रमा अनुदान प्रवाह गरेको भए तापनि अपपेक्षित प्रतिफल प्राप्त हुन नसकेकोले अनुदानलाई प्रभावकारी बनाउन मौजुदा अनुदान वितरण नीति तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्दछ।

१४.२. अनुदान तथा सहायता प्रदान गर्दा राजस्व आम्दानी हुने, उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना हुने, पुँजी निर्माण हुने, सामाजिक आर्थिक रुपान्तरण हुने, व्यावसायिक दक्षता अभिवृद्धि हुने जस्ता पक्षमा ध्यान दिई सोको उपलब्धि सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

१४.३. वर्तमानमा रहेको आगत (इन्पुट) मा अनुदान दिने परिपाटीलाई अन्त्य गरी नतिजा (आउटपुट) मा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। साथै, पटके अनुदान वितरण गर्ने पद्धतिमा पुनरावलोकन गरी अनुदानलाई बीउपुँजीको रूपमा रुपान्तरण गर्ने र निश्चित समयपछि फिर्ता लिने गरी कार्यविधि तयार गर्नुपर्दछ।

१४.४. तीनै तहका सरकारबाट अनुदान र सहायता वितरण गर्ने परिपाटीमा बढोत्तरी भएको अवस्थालाई मध्यनजर गरी अनुदान र सहायता वितरणका लागि रकम तोकी अख्तियारी पठाउने परिपाटीउपर नियन्त्रण हुनुपर्दछ।

१४.५. अनुदान तथा सहायतामा संघ, प्रदेश र स्थानीय तहबाट दोहोरोपना नहुने, लाभग्राही छनोट पारदर्शी हुने, उपभोगका लागि अनुदान तथा सहायता प्रदान नगर्ने, अनुदानबाट व्यक्ति विशेषले भन्दा समुदायले लाभ लिने, लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने जस्ता विषयलाई ध्यान दिई सोको लागि अनुदान सम्बन्धी वस्तुगत मापदण्ड तथा विधि तय गर्नुपर्दछ। अनुदान र सहायताको विवरण सार्वजनिक गरी यसलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउनुपर्दछ।

१४.६. अनुदान तथा सहायता उपयोगको निरन्तर अनुगमन गर्नुपर्दछ।अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आए नआएको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्दछ। अनुगमन तथा मूल्याङ्कनको नतिजाका आधारमा अनुदान कार्यक्रम र कार्यविधिमा सुधार गर्नुपर्दछ।

१४.७. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदा उक्त तहको खर्चको आवश्यकता तथा राजस्व क्षमताका आधारमा उपलब्ध गराइने वित्तीय समानीकरणको हिस्सा वृद्धि गर्ने र सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा कम गर्दै जानुपर्दछ। साथै, आन्तरिक आयबाट आत्मनिर्भर हुने स्थानीयतहलाई समेत समानरूपमा अनुदान दिने परिपाटी पुनरावलोकन गर्नुपर्दछ। बढी आय हुने एक स्थानीय तहले अर्को स्थानीय तहलाई अनुदान सहायता दिने प्रचलन देखिन्छ।यस्तो अवस्थामा संघ वा प्रदेशबाट दिइने अनुदानमा कटौती गर्नुपर्दछ।

१४.८. आर्थिक लाभका उद्देश्यले गठित संस्थालाई अनुदान दिंदा सोको लाभग्राही सोही संस्थाका शेयरधनी हुने हुँदा यस्ता संस्थालाई अनुदान दिनुको सट्टा शून्य ब्याज दरमा समयावधि तोकी ऋण स्वरूप रकम निकासा गर्ने व्यवस्था गर्नुपर्दछ।

१५. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग -** सार्वजनिक निकायको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१५.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी सार्वजनिक निकाय एवं विश्वविद्यालयको स्वामित्वमा रहेका सार्वजनिक जग्गा जमिनको अतिक्रमण हटाई संरक्षण गरिनुपर्दछ।

१५.२. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ।

१५.३. राष्ट्रिय महत्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ।

१५.४. सार्वजनिक प्रयोगको लागि अधिग्रहण गरिएका जग्गा जमिनको संरक्षण र उपयोग उद्देश्यबमोजिम भए नभएको नियमन गरिनुपर्दछ।

१५.५. सार्वजनिक निकायको आवश्यकता र औचित्यताका आधारमा मौजुदा मालसामान प्रयोगमा आउन नसक्ने स्थितिमा मात्रै नयाँ खरिदलाई जोड दिनुपर्दछ।

१५.६. जिन्सी सामानको लिलामी प्रक्रियालाई व्यवस्थित बनाउन सरकारले कागजात अद्यावधिक नभएका एवं फिल्डमा रहेको जिन्सी सामानको अवस्था र कागजी विवरण रुजु नभएका जिन्सी सामानको निःसर्ग गर्ने सम्बन्धमा एक पटकको लागि नेपाल सरकारबाट आवश्यक नीतिगत निर्णय हुनुपर्ने देखिन्छ।

१५.७. सार्वजनिक सम्पत्तिको अभिलेखलाई चुस्त, दुरुस्त, व्यवस्थित र प्रभावकारी बनाउन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई स्थानीय तहसम्म लागू गरिनुपर्दछ। वस्तुगत सहायताका रूपमा अनुदानमा प्राप्त सम्पत्ति पनि अनिवार्य रूपमा यस प्रणालीमा प्रविष्टि गर्नेगरी व्यवस्था गर्नुपर्दछ ।

१५.८. सार्वजनिक जग्गा, सामुदायिक भवन, सम्पदा लगायतका सार्वजनिक सम्पत्तिको विवरण सङ्कलन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ। सार्वजनिक सम्पत्तिमध्ये सवारी साधन, उपकरण, भवनलगायतका साधनहरू कुनै निकायमा अधिक रहने र कुनै निकायमा अपुग रहेको वर्तमान अवस्थालाई पुनरावलोकन गरी स्रोत हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५.९. सामान्य मर्मत सुधार गरी प्रयोगमा आउन सक्ने सम्पत्तिको पनि मर्मत नगर्नाले ती सम्पत्ति जीर्ण र बेकम्मा भइरहेको हुँदा त्यस्ता सम्पत्तिको मर्मत सुधार गरी प्रयोगमा ल्याउनुपर्दछ।

१५.१०. भन्सार परिसर र प्रहरी चौकीलगायत सरकारी कार्यालयहरूमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका र सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा रहेका सवारी साधनहरूको खोजी तथा छानबिन गरी समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ। सरकारी सवारीसाधनलगायतका पुराना सम्पत्ति व्यवस्थापन गर्ने र सम्भव नभए लिलाम बिक्री वा नष्ट गर्ने प्रक्रियालाई प्राथमकिताका साथ कार्यान्वयन गरिनुपर्दछ।

## सार्वजनिक प्रशासन र सेवा प्रवाह

१६. **सार्वजनिक सेवा प्रवाह -** सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

१६.१. सेवा प्रवाहको समय, दूरी र लागत घटाई त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउनुपर्दछ।

१६.२. सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्कका कारण सेवा प्रवाहमा हुने अनियमितता, ढिलासुस्ती, मोलाहिजा, व्यक्तिगत सम्बन्धका आधारमा प्राथमिकता र अधिकारको दुरूपयोगलगायतका क्रियाकलाप नियन्त्रणका लागि विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधि प्रणालीमा आधारित कागजरहित एवं व्यक्तिरहित सेवा प्रवाह गर्नुपर्दछ।

१६.३. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सीधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागू गर्नुपर्दछ। यसका लागि गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र सूचना प्रविधि प्रयोग गरी अनुगमन मूल्याङ्कन प्रणालीलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१६.४. क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए, नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ।

१६.५. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, पत्रकार सम्मेलनका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाह सुदृढीकरण गर्नुपर्दछ।

१६.६. सामाजिक सुरक्षा कार्यक्रम खण्डीकृत रूपमा विभिन्न निकायबाट सञ्चालित भएकोले सोलाई निराकरण गर्न एकीकृत सामाजिक सुरक्षासम्बन्धी नीति तयार गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६.७. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन र हेल्पडेस्क, कार्यविधि, प्रक्रिया एवं फाराम सरलीकरणलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

१६.८. निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा शिक्षण संस्थाहरूको सेवा सञ्चालन मापदण्ड, गुणस्तर र शुल्क निर्धारण गरी अधिकार क्षेत्रअनुसार संघ, प्रदेश र स्थानीय तहले नियमित अनुगमन गर्नुपर्दछ।

१६.९. स्वास्थ्य उपचार, उच्च शिक्षाको अवसर स्वदेशमा नै मिलाउने, दक्ष तथा प्राविधिक जनशक्तिलाई स्वदेशमै उपयोग गर्ने नीतिगत व्यवस्था मिलाउनुपर्दछ।

१६.१०.सेवा प्रवाहमा सिर्जनशीलता र नवीन प्रविधिको प्रयोग बढाउने, अन्तर्राष्ट्रिय अनुभवको आदान-प्रदान था असल अभ्यासलाई प्रयोगमा ल्याउनुपर्दछ। संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

१६.११.आम नागरिकले दैनिक सेवा प्राप्त गर्ने स्थानीय तह, मालपोत, नापी, यातायात, नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र, कृषि, स्वास्थ्य लगायतसँग सम्बन्धित निकायमा सेवा प्रवाहलाई सरल र सहज बनाउन विशेष व्यवस्था गर्नुपर्दछ।

१७. **सूचना प्रविधिको उपयोग -** सूचना प्रविधिको उपयोग गरी प्रवाह हुने सेवा स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउन देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

१७.१. सरकारी निकायहरूले प्रयोगमा ल्याएका सूचना प्रणालीहरूको अभिलेख राख्ने, प्रणालीलाई एकीकृत गरी नियमन गर्ने तथा निकायगत अन्तरसम्बन्धित सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ। साथै सूचना प्रविधिमा अनधिकृत पहुँच रोक्न डाटा तथा साइबर सेक्युरिटीको लागि मजबुत संयन्त्र निर्माण गर्नुपर्दछ।

१७.२. सरकारी निकायद्वारा सञ्चालित व्यवस्थापन सूचना प्रणाली तथा एप्लिकेसनहरूमा पटक पटक समस्या आएको, सेवाग्राहीमैत्री प्रणाली तयार नगरिएको, आवश्यक क्षमताको विश्लेषण गरी प्रणाली तयार नगरिएको, प्रणालीको सुरक्षा परीक्षण नगरी प्रयोगमा ल्याएको कारण सेवा प्रवाहमा असर परेकोले यस्ता पक्षहरूमा ध्यान दिई प्रणालीको सञ्चालन गर्नुपर्दछ। एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिनुपर्दछ।

१७.३. सफ्टवेयर विकास गर्दा सोको लागत अनुमान गर्न वस्तुनिष्ठ मापदण्ड नहुनाले सफ्टवेयर पिच्छे लागत अनुमान भरपर्दो देखिँदैन। सफ्टवेयर खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउन वस्तुनिष्ठ लागत निर्धारण गर्ने मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

१७.४. कार्य सञ्चालनमा एकरूपता ल्याउन निकायको कार्यप्रकृतिअनुरूप आवश्यक पर्ने सफ्टवेयर विकास गरी संघ, प्रदेश र स्थानीयतहका निकायले प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ। कार्यालयपिच्छे सफ्टवेयर खरिद र विकास गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ।

१७.५. विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानूनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१७.६. सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य आर्थिक, प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण देखिएकाले सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी सबै सरकारी निकायले अनिवार्य रूपमा सो सेन्टरबाट नै डाटा व्यवस्थापनको सेवा लिने व्यवस्था गर्नुपर्दछ।

१७.७. सरकारी निकायका वेबपेजको डिजाइनमा समेत एकरूपता ल्याउन तथा पूर्वाधारको विकास गरी सर्भर डाउन हुन नदिने व्यवस्था मिलाउनुपर्दछ।

१७.८. संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सबै सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र मितव्ययी बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुपर्दछ।

१७.९. कतिपय सरकारी निकायहरूले विकास गरेका वेबसाईट र मोबाइल एपहरूमा लामो समयदेखि सूचना अद्यावधिक नगरेको र प्रयोगविहिन अवस्थामा रहेकोले त्यस्ता वेबसाईट र मोबाइल एपमा निरन्तर रूपमा सूचना अद्यावधिक गर्ने र बन्द भएका वेबसाईट र मोबाईल एपको तथ्याङ्कको उचित व्यवस्थापन गर्नुपर्दछ।

१७.१०. सूचना प्रविधि सम्बन्धी समग्र पक्षको नियमनका लागि दक्ष जनशक्ति र अधिकार सम्पन्न नियमन निकायको व्यवस्था गर्नुपर्दछ।

१८. **मानव संसाधन व्यवस्थापन -** संघ, प्रदेश र स्थानीय तहमा मानवीय संसाधन व्यवस्थापनसँग सम्बन्धित देहायको सुधार गर्नुपर्ने देखिन्छः

१८.१. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख, आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने तथा कार्यसम्पादन करार गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ।

१८.२. निजामती सेवा ऐन र प्रदेश तथा स्थानीय तहमा जनशक्ति परिचालनसम्बन्धी कानुन तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१८.३. मानव संसाधन व्यवस्थापनमा रहेका समस्याहरू समाधान गर्न समसामयिक मानव संसाधन नीति, रणनीति एवं कार्यनीतिको तर्जुमा एवं कार्यान्वयनमा जोड दिनुपर्दछ।

१८.४. प्रदेश र स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर दरबन्दी पुनरावलोकन गरी आवश्यक दरबन्दीअनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८.५. स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ। निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति समयानुकूल हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ। राष्ट्रसेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि हरेक वर्ष न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

१८.६. निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। विश्वविद्यालयको पाठ्यक्रममा निजामती वा अन्य सरकारी सेवामा आवश्यक पर्ने ज्ञान र सीप समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८.७. निजामती र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई सरकारी सेवामा उपयोग गर्ने नीतिगत तथा कानूनी व्यवस्था मिलाउनुपर्दछ। विश्वविद्यालय तथा शैक्षिक संस्थावाट मेरिटमा आएका मेधावी जनशक्तिलाई सरकारी सेवामा आबद्ध हुने नीति तय गर्नुपर्दछ।

१८.८. भविष्यमा आवश्यक पर्ने जनशक्तिको वैज्ञानिक प्रक्षेपण गरी सोहीबमोजिम जनशक्ति तयार हुने व्यवस्था मिलाउनुपर्दछ।

## विकास व्यवस्थापन

१९. **दिगो विकास लक्ष्य -** दिगो विकासका लागि सन् २०१६-३० सम्मको अवधिका लागि तोकिएका लक्ष्य प्राप्ति सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

१९.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटसँग आबद्ध गरेर सोहीअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ। लक्ष्य हासिल गर्न तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध स्थापित हुनुपर्दछ।

१९.२. दिगो विकास लक्ष्य आफैँमा अन्तरसम्बन्धित रहेकोले तीन तहका सरकार एवं विषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन तथा विश्लेषण गर्नका लागि सूचकसहितको एकीकृत डाटाबेस तयार गर्नुपर्दछ। लक्ष्यको कार्यान्वयनको एकीकृत नतिजा सङ्कलन हुने व्यवस्था मिलाई सम्पूर्ण सरकार (होल अफ द गभर्नमेन्ट) को अवधारणाअनुरूप अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

१९.३. कोभिड-१९ को असरले कार्यक्रम कार्यान्वयन तथा नतिजामा पारेको प्रभाव अध्ययन गरी निर्धारित समयभित्र वाञ्छित लक्ष्य हासिल गर्न आवश्यक बजेट विनियोजन र कार्यसम्पादनको लागि स्पष्ट कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१९.४. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायतका पक्षहरूको भूमिकालाई प्रभावकारी बनाउन सबै पक्षले स्वामित्व र अपनत्व लिने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ। दिगो बिकास लक्ष्यको कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहमा संरचना तयार नगरेकोले यथाशीघ्र प्रभावकारी संस्थागत संरचना निर्माण गर्नुपर्दछ।

२०. **आयोजना व्यवस्थापन -** आयोजना व्यवस्थापनका विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्दछः

२०.१. लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ। आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्दछ।

२०.२. आयोजनाहरू तोकिएको समयमा सम्पन्न नहुँदा लागत र समय दुबै वृद्धि भई आयोजना छनौटका लागि लिएको आधार, लाभ लागत विश्लेषणको तथ्याङ्क नै फरक पर्ने अवस्था छ । तसर्थ आयोजना सम्पन्नपश्चात यथार्थ लागतको आधारमा प्रतिफलको मुल्याङ्कन एवं अनुगमन गर्ने परिपाटीको शुरुवात गर्नुपर्दछ ।

२०.३. उत्पादन केन्द्रीत भौतिक पूर्वाधार विकास र यातायात तथा सूचना सञ्चार पूर्वाधारको वृहत सञ्जालीकरणमा लगानी बढाउने कार्यक्रम ल्याई कार्यान्वयन गर्नुपर्दछ।

२०.४. आवधिक योजनाले निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी प्राथमिकता सहित आयोजना पहिचान र पूर्ण तयारीका साथ आयोजना कार्यान्वयनमा लैजान हाल सञ्चालनमा रहेका सबै पहिलो र दोस्रो प्रथामिकता प्राप्त आयोजना तथा रुपान्तरणकारी आयोजनाको समेत पूनर्मूल्याङ्कन गरेर प्राथमिकतामा रहेका आयोजना मात्र सञ्चालन गर्नुपर्दछ।

२०.५. आयोजनाको अनुगमन र मूल्याङ्कनलाई नतिजामुखी बनाई आयोजना कार्यालय, मन्त्रालयस्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आधुनिक विधिहरू प्रयोगमा ल्याई अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। संघ र प्रदेशबाट सञ्चालन हुने आयोजना अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.६. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको छुट्टै कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

२०.७. जग्गाको मूल्याङ्कन वस्तुनिष्ठ नहुँदा मुआब्जा भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायलयमा मुद्दा दायरसमेत गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ। आयोजनाहरूको लागि आवश्यक जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, वैज्ञानिक र व्यवस्थित गर्न उपयुक्त कानूनी व्यवस्था गर्नुपर्दछ।

२०.८. पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार गरेको कारण निर्माण चरणमा आयोजनाको ड्रइङ डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भइरहेकोले पर्याप्त अध्ययन बेगर आयोजनाको डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ।

२०.९. एकै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना अन्तरसम्बन्धित रहेकाले सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। शहरी पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि

गराई यूटिलिटी कोरिडोर मार्फत सेवा प्रवाह र शुल्क व्यवस्थापन गर्ने व्यवस्था मिलाउनुपर्दछ। निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२१. **सार्वजनिक खरिद व्यवस्थापन -** सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, स्वच्छ, जवाफदेही, पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

२१.१. खरिद कानुनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयारी गर्नुपर्दछ। योग्यताको आधार र स्पेसिफिकेशन तयार गर्दा निश्चित निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी तयार गर्ने, एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१.२. सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ।

२१.३. उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन। उपभोक्ता समितिले गर्नुपर्ने गरी सम्झौता गरिएको कार्य निर्माणव्यवसायीबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ।

२१.४. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ।

२१.५. निर्माण व्यवसायीले सम्पादन गरिरहेका ठेक्काको विवरण खुल्ने खरिद व्यवस्थापन सूचना प्रणालीको विकास गरी निर्माण कार्यको मूल्याङ्कन गर्दा निर्माण क्षमता मापन समेत गर्ने व्यवस्था गर्नुपर्दछ।

२१.६. सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रक्रिया व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गर्नुपर्दछ। उक्त निर्देशिकामा खरिदका नवीनतम मोडालिटीहरू जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बुट), इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट र सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गर्नुपर्दछ।

२१.७. बोलपत्र वा प्रस्ताव मूल्याङ्कनबाट छनोट भएका आपूर्तिकर्ताहरूको कबोल मूल्यमा देशभरका सबै कार्यालयहरूले आईटम दर सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्न सक्ने व्यवस्था गर्नुपर्दछ।

२१.८. सार्वजनिक खरिद प्रक्रियामा संलग्न हुने कर्मचारीको दक्षता वृद्धि गर्नुपर्दछ। खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न बजेट सुनिश्चितताको आधारमा खरिद पूर्वका क्रियाकलापहरू जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, ड्रइङ डिजाइन तथा लागत अनुमान तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता कार्यहरू समयमै गर्नुपर्ने कानूनी व्यवस्था हुनुपर्दछ ।

२१.९. स्वदेशी वा विदेशी फर्मसंग संयुक्त उपक्रम गरी निर्माण कार्य गर्नको लागि छनोट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सो सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ।

२१.१०.सार्वजनिक खरिदमा प्रतिष्पर्धा, स्वच्छता र जवाफदेहिता प्रवर्द्धन गरी मितव्ययी ढंगबाट खरिद गर्ने ध्येय रहेकोमा निर्माण व्यवसायी बढीमा पाँचवटा बोलपत्रको प्रकृयामा भाग लिन सक्ने संशोधित व्यवस्था पश्चात ठुला ठेक्काहरूमा एकल वा न्युनतम संख्यामा मात्र निर्माण व्यवसायीको सहभागिता भई लागत अनुमान कै हाराहारीमा ठेक्का बन्दोबस्त भएको अवस्था छ। बोलपत्रमा सहभागी हुन प्रतिष्पर्धालाई सीमित नहुने गरी ठेक्का संख्यालाई मात्र आधार नबनाई ठेक्का कार्यलाई गुणस्तरीय बनाउन ठेक्का कार्यको जटिलता, कार्य क्षमता र निर्माण लागतलाईसमेत समेट्ने गरी खरिद कानुनमा सुधार गरिनुपर्दछ।

## सार्वजनिक जवाफदेहिता र सुशासन

२२. **लेखाङ्कन तथा प्रतिवेदन** - आर्थिक कारोबारको लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्थामा देहायको सुधार गर्नुपर्दछः

२२.१. संघ, प्रदेश र स्थानीय तहले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। साथै कार्यात्मक वर्गीकरण, दिगो विकास लक्ष्य संकेत, लैंगिक उत्तरदायी बजेट सङ्केत, जलवायु परिवर्तन बजेट सङ्केतसमेतको आधारमा लेखाङ्कन र विवरण प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ।

२२.२. नगदमा आधारित लेखाप्रणालीले सबै वित्तीय कारोबारलाई समेटी समग्र आर्थिक अवस्था र वित्तीय कार्य सम्पादनलाई प्रस्तुत र चित्रण गर्न नसक्ने भएकोले यसमा सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रुपान्तरण गर्ने तर्फ आवश्यक कार्य गर्नुपर्दछ।

२२.३. राज्यका तीनै तहका सरकार र सरकारअन्तर्गतका सबै बजेटरी तथा गैर बजेटरी निकायहरूको कारोबारलाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ। वित्तीय हस्तान्तरणअन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा मौज्दात रहने एवं कतिपय अवस्थामा अर्को वर्ष फिर्ता प्राप्त हुने भएकाले राजस्व र खर्च रकम यथार्थपरक नहुने अवस्थालाई निराकरण गर्न र दोहोरो लेखाङ्कन हुने अवस्थालाई समाधान गर्न उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ।

२२.४. सबै सरकारी सम्पत्ति तथा जायजेथा र दायित्वको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नु पर्दछ। बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ। साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ।

२२.५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएकै समयमा सबै तहमा बाँडफाँट गरी वर्षान्तमा रकम मौज्दात नरहने व्यवस्था मिलाउनुपर्दछ। संघ प्रदेश र स्थानीयतहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको राजस्व सम्बन्धित विभाज्यकोषमा जम्मा हुनुपर्नेमा आफ्नै सञ्चित कोषमा जम्मा गर्ने गरेको समेत देखिएकोले यस्तो राजस्व विभाज्य कोषमा समयमै दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ।

२२.६. अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो प्रदेशका स्थानीय तहको आम्दानी खर्चको एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने र अर्थ मन्त्रालयबाट सम्पूर्ण सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने व्यवस्था गर्नुपर्दछ।बजेट तर्जुमा,

कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन तीन तहकै सरकारबीच एकरूपता कायम गर्न आधुनिक सूचना प्रविधि/प्रणालीको अवलम्बन गरी एकीकृत वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ। लेखाका आधारभूत वित्तीय विवरण स्वचालित रूपमा सो प्रणालीबाट तयार हुने व्यवस्था गर्नुपर्दछ।

२२.७. नेपालमा सार्वजनिक क्षेत्रमा सार्वजनिक वित्तसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्न वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा आर्थिक प्रशासनका जनशक्तिको क्षमता अभिवृद्धि गर्न उपयुक्त संरचना तथा नियमनको व्यवस्था मिलाउनुपर्दछ।

२२.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्कीलाई बेरुजू नमान्ने व्यवस्था गरेको हुँदा अद्यावधिक लगतका लागि सरकारी कार्यालयले प्रदान गरेका प्रत्येक पेस्कीको खाता उतार गरी एकीकृत विवरण तयार गर्ने एवं प्रत्येक पेस्की जिम्मेवारी प्रमाणित गर्ने प्रयोजनको लागि बेग्लै फाराम तयार गर्नुपर्दछ।

२३. **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण -** सार्वजनिक स्रोत साधनको प्रभावकारी उपयोगको लागि आन्तरिक नियन्त्रण प्रणाली एवं आन्तरिक लेखापरीक्षणमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

२३.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको सबै तहका सरकार मातहतका कार्यालयले आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ। सबै सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ।

२३.२. स्थानीय तहलगायत विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामा अनिर्वायरूपमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानूनी र संरचनागत सुधार गर्नुपर्दछ।

२३.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा तोकिए बमोजिमको समयमा नै बेरुजु फर्स्यौंट गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३.४. आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षण र आन्तरिक लेखापरीक्षणबीचको समन्वय बढाउनुपर्दछ।

